# अन्तःशुल्क नियमावली, २०५९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५९।३।२४

संशोधन

| | | |
|---|---|---|
| १. | अन्तःशुल्क (पहिलो संशोधन) नियमावली, २०५९ | २०५९।०९।२२ |
| २. | अन्तःशुल्क (दोस्रो संशोधन) नियमावली, २०६० | २०६०।०४।०१ |
| ३. | अन्तःशुल्क (तेस्रो संशोधन) नियमावली, २०६१ | २०६१।०४।०१ |
| ४. | अन्तःशुल्क (चौथो संशोधन) नियमावली, २०६२ | २०६२।०४।०१ |
| ५. | अन्तःशुल्क (पाँचौं संशोधन) नियमावली, २०६२ | २०६२।१०।०१ |
| ६. | अन्तःशुल्क (छैठौं संशोधन) नियमावली, २०६३ | २०६३।०३।२८ |
| ७. | अन्तःशुल्क (सातौं संशोधन) नियमावली, २०६४ | २०६४।०३।२८ |
| ८. | अन्तःशुल्क (आठौं संशोधन) नियमावली, २०६४ | २०६४।०६।०३ |
| ९. | अन्तःशुल्क (नवौं संशोधन) नियमावली, २०६५ | २०६५।०६।०३ |
| १०. | अन्तःशुल्क (दशौं संशोधन) नियमावली, २०६६ | २०६६।०३।२९ |
| ११. | अन्तःशुल्क (एघारौं संशोधन) नियमावली, २०६७ | २०६७।०८।०४ |
| १२. | अन्तःशुल्क (बाह्रौं संशोधन) नियमावली, २०६८ | २०६८।०३।३१ |
| १३. | अन्तःशुल्क (तेह्रौं संशोधन) नियमावली, २०७० | २०७०।०३।३० |
| १४. | अन्तःशुल्क (चौधौं संशोधन) नियमावली, २०७१ | २०७१।०४।१२ |
| १५. | अन्तःशुल्क (पन्ध्रौं संशोधन) नियमावली, २०७२ | २०७२।०३।२९ |
| १६. | अन्तःशुल्क (सोह्रौं संशोधन) नियमावली, २०७३ | २०७३।०३।२० |
| १७. | अन्तःशुल्क (सत्रौं संशोधन) नियमावली, २०७४ | २०७४।०४।१० |
| १८. | अन्तःशुल्क (अठारौं संशोधन) नियमावली, २०७५ | २०७५।०२।२२ |
| १९. | अन्तःशुल्क (उन्नाइसौं संशोधन) नियमावली, २०७६ | २०७६।०२।१५ |
| २०. | अन्तःशुल्क (बीसौं संशोधन) नियमावली, २०७६ | २०७६।०७।२५ |
| २१. | अन्तःशुल्क (एक्काइसौं संशोधन) नियमावली, २०७७ | २०७७।०२।१५ |
| २२. | अन्तःशुल्क (बाइसौं संशोधन) नियमावली, २०७८ | २०७८।०२।१५ |
| २३. | अन्तःशुल्क (तेइसौं संशोधन) नियमावली, २०७९ | २०७९।०२।१५ |

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अन्तःशुल्क नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले अन्तःशुल्क ऐन, २०५८ सम्झनु पर्छ।

(ख) "इजाजतपत्रवाला" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदानका लागि नियम ४ बमोजिम इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ग) "गोदाम" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु [१]......... सञ्चय गरेको स्थान सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले विभाग अन्तर्गत स्थापना भएको कार्यालय सम्झनु पर्छ र सो शब्दले अन्तःशुल्क असुल उपर गर्ने प्रयोजनको लागि नेपाल सरकारले तोकेको कार्यालय समेतलाई जनाउँछ।

[२](ङ) "अन्तःशुल्क विवरण" भन्नाले अन्तःशुल्क असुल तथा दाखिला गर्ने दायित्व भएका इजाजतपत्रवालाले प्रत्येक महिना बुझाउनु पर्ने अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार सम्बन्धी विवरण सम्झनु पर्छ।

## परिच्छेद–२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

[३]३. **इजाजतपत्रका लागि निवेदन दिनु पर्नेः** ऐनको दफा ९ को उपदफा (१) बमोजिम इजाजतपत्र लिनका लागि अनुसूची-२ बमोजिमको इजाजतपत्र दस्तुर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

[४]४. **इजाजतपत्र दिनु पर्ने:** नियम ३ बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकको माग बमोजिम इजाजतपत्र दिन मनासिब देखेमा अन्तःशुल्क अधिकृतले अनुसूची-३ बमोजिमको ढाँचामा आवश्यक शर्त तथा बन्देजहरू तोकी इजाजतपत्र दिनु पर्नेछ।

[५]५. **इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्था:** (१) इजाजतपत्रवालाले आफूले प्राप्त गरेको इजाजतपत्र नवीकरण गराउन चाहेमा त्यस्तो इजाजतपत्र नवीकरणको लागि अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अन्तःशुल्क बाँकी बक्यौता भएको नदेखिएमा र इजाजतपत्र नवीकरण गर्न मनासिब देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

[६]५क. **इजाजतपत्र रद्द सम्बन्धी व्यवस्था:** (१) कुनै इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गर्न छाडेको वा इजाजतपत्रवालाको मृत्यु भएको कारणले इजाजतपत्र रद्द गर्नु पर्ने भएमा कारोबार छाडेको हकमा इजाजतपत्रवालाले र इजाजतपत्रवालाको मृत्यु भएको हकमा निजको हकवालाले इजाजतपत्र रद्द गर्न अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र रद्द गर्न मनासिब देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालासँग कुनै अन्तःशुल्क रकम, जरिवाना असुल गर्न बाँकी भए सो असुल उपर गरी इजाजतपत्र रद्द गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र रद्द गरिएको जानकारी तीस दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा इजाजतपत्र रद्द गर्नु नपर्ने देखिएमा सोही बमोजिमको जानकारी तीस दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

[७](५) उपनियम (३) बमोजिम इजाजतपत्र रद्द भएको जानकारी प्राप्त नभएसम्म इजाजतपत्रवालाले मासिक रूपमा अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम इजाजतपत्र रद्द गरिएको जानकारी उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य सम्बन्धित निकायलाई समेत दिनु पर्नेछ।

## परिच्छेद—३

## अन्तःशुल्क असुली सम्बन्धी व्यवस्था

[8]६. **अन्तःशुल्क लगाउने प्रक्रियाः** [9](१) मदिरा, स्प्रिट, खुँदो (मोलासेस), [10]वाइन, साईडर र बियरलाई उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्ने गरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ।

(२) उपनियम (१) मा उल्लिखित वस्तु बाहेकका अन्य अन्तःशुल्क लाग्ने वस्तु तथा सेवालाई स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ।

[11](२क) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि [12]चुरोट, सुर्ती, खैनी, गुट्खा, निकोटिनयुक्त वा निकोटिनरहित पानमसला तथा यस्तै अन्य सुर्तीजन्य पदार्थहरू निष्कासन गर्दा लाग्ने अन्तःशुल्क राजस्व दाखिला गरी माग फारम स्वीकृत गराई निष्कासन गर्न दिइनेछ।

(३) उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्नु पर्ने भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा उत्पादकले आर्थिक वर्षभरिमा उत्पादन गर्ने वस्तु र सो बापत बुझाउनु पर्ने अन्तःशुल्क रकमको अन्तःशुल्क अधिकृतले हिसाब गरी त्यस्तो रकम उत्पादकबाट अग्रिम रूपमा धरौटी राख्न लगाउन सक्नेछ। त्यसरी धरौटी राखिएको रकम अन्तःशुल्क बापत बुझाउनु पर्ने रकमभन्दा कम भएमा अन्तःशुल्क अधिकृतले नपुग रकम जति उत्पादकबाट दाखिला गर्न लगाउन सक्नेछ र बढी भए जति रकम उत्पादकलाई फिर्ता गर्नु पर्नेछ।

(४) स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तु तथा सेवाका हकमा अनुसूची-१३ बमोजिमको बीजकमा अन्तःशुल्क असुल गरी ऐनको दफा ३ बमोजिम दाखिला गर्नु पर्नेछ।

[13]..................

(५) भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका वस्तुको निष्कासन माग फाराम स्वीकृत भएपछि पनि अनुसूची-१३ बमोजिमको बीजक जारी गरी सामान निष्कासन गर्नुपर्नेछ।

[14]६क. **अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने:** (१) ऐनको दफा १०घ. को उपदफा (१) बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्दा अनुसूची-४क. बमोजिमको ढाँचामा अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जारी भएको आदेशका सम्बन्धमा ऐनको दफा १०घ. को उपदफा (२) बमोजिमको म्यादभित्र पेश भएका प्रमाण तथा लिएका जिकिरको छानबिन गरी अन्तःशुल्क अधिकृतले अनुसूची-४ख. बमोजिमको अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ। त्यस्तो आदेशमा अन्तःशुल्क निर्धारण आदेश जारी भएको मितिसम्मको ऐनको दफा ४ख. को उपदफा (२) बमोजिम लाग्ने विलम्ब दस्तुर समेत समावेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जारी भएको अन्तःशुल्क निर्धारण आदेश बमोजिमको अन्तःशुल्क, विलम्ब दस्तुर तथा जरिवाना रकम सम्बन्धित व्यक्तिले त्यस्तो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ।

[15]६ख. **कागजातको तामेलीः** (१) ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रीतपूर्वक दिएको वा बुझाएको मानिनेछः-

(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत पठाएको,

(ख) व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा

(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको।

(२) विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस नियम बमोजिम तामेल गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

(३) उपनियम (१) र (२) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक

पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सकिनेछ। त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ।

[१६]**६ग. <u>इजाजतपत्र नलिई उठाएको अन्तःशुल्कको निर्धारण र असुलीः</u>** कसैले इजाजतपत्र नलिई अन्तःशुल्क वा अन्तःशुल्कको नाममा अन्य कुनै रकम उठाएमा निजले उठाएको अन्तःशुल्क रकम नियम ६क. बमोजिम निर्धारण गरी असुल उपर गरिनेछ।

[१७]**६घ. <u>अन्तःशुल्क निर्धारणको अवधिः</u>** ऐनको दफा १०घ. को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको अवधि गणना गर्दा अन्तःशुल्कको सम्बन्धमा कुनै अदालतमा निवेदन परी स्थगन आदेश जारी भएको अवस्थामा सोको निर्णय नभएसम्मको अवधि कटाई गणना गरिनेछ।

७. **<u>बाँकी अन्तःशुल्क रकम असुल उपर गर्न सकिनेः</u>** अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बापत कसैले ऐन तथा यस नियमावली बमोजिम अन्तःशुल्क रकमभन्दा घटी रकम बुझाएको देखिएमा अन्तःशुल्क अधिकृतले निजबाट बाँकी अन्तःशुल्क रकम असुल उपर गरी लिन सक्नेछ।

८. **<u>इजाजतपत्र रद्द भएमा मौज्दात रहेको वस्तु बिक्री गर्नेः</u>** ऐन तथा यस नियमावली बमोजिम इजाजतपत्र रद्द हुँदाका अवस्थामा गोदाममा मौज्दात रहेका वस्तुका हकमा बक्यौता अन्तःशुल्क बुझाई विभागको स्वीकृति लिई बिक्री गर्न सकिनेछ। विभागलाई बुझाउनु पर्ने बक्यौता अन्तःशुल्क नबुझाएमा विभागले त्यस्तो वस्तु लिलाम बिक्री गरी प्राप्त भएको रकमबाट बक्यौता अन्तःशुल्क लिई बाँकी रहन गएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद—४

## <u>सम्पत्ति रोक्का, लिलाम बिक्री र जफत सम्बन्धी व्यवस्था</u>

९. **<u>सम्पत्ति रोक्का गर्न सकिनेः</u>** (१) कुनै व्यक्तिले उत्पादन स्थलबाट अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क छली निष्कासन गरी वा विदेशबाट पैठारी गरी लिई जान लागेको अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले फेला पारेमा त्यस्तो वस्तु लान नपाउने गरी अन्तःशुल्क अधिकृतले रोक्का राख्न सक्नेछ।

(२) कुनै व्यक्तिले ऐन र यस नियमावली बमोजिम बुझाउनु पर्ने अन्तःशुल्क म्यादभित्र नबुझाएमा अन्तःशुल्क अधिकृतले त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राख्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम अन्तःशुल्क अधिकृतले रोक्का राखेको वस्तु वा सम्पत्ति बिक्री वितरण वा कुनै पनि किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्नको लागि त्यस्तो वस्तु वा सम्पत्ति रोक्का गर्न त्यस्तो वस्तु वा सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ। यसरी रोक्का राख्नको लागि लेखी आएकोमा त्यस्तो वस्तु वा सम्पत्ति रोक्का राखिदिनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

१०. **<u>लिलाम बिक्री सम्बन्धी व्यवस्थाः</u>** [१८](१) ऐनको दफा १७ बमोजिम रोक्का रहेको वस्तु वा सम्पत्ति लामो समयसम्म कब्जामा राख्दा खिया लागी वा अरु कुनै परिबन्दबाट टुटफुट वा नोक्सान हुन सक्ने देखिएमा वा सडी गली जाने भएमा वा पुरानो भई मूल्य घट्न जाने भएमा वा बेवारिसे भएमा वा स्थान अभावको कारणबाट राख्न नसकिने भएमा वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाको भएमा त्यस्तो वस्तु वा सम्पत्तिको अवस्था र प्रकृति हेरी बढीमा सात दिनसम्मको म्याद दिई लिलाम बिक्रीको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी लिलाम बिक्री गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री गर्ने वस्तु रहेको स्थानको स्थानीय निकायको एक जना प्रतिनिधि वा नजिकको सरकारी कार्यालयको एक जना कर्मचारी र सम्भव भएसम्म सम्बन्धित व्यक्ति वा निजको प्रतिनिधि समेतलाई रोहबरमा राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम लिलाम बिक्री गरिने वस्तु वा सम्पत्तिको लिलाम बिक्री गर्दा त्यस्तो वस्तु वा सम्पत्तिको प्रचलित बजार मूल्यलाई आधार मानी न्यूनतम मूल्य कायम गरी बढाबढको आधारमा लिलाम बिक्री गर्नु पर्नेछ।

११. **<u>वस्तु वा सम्पत्ति जफत गर्न सकिनेः</u>** (१) अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क नबुझाई प्रतिष्ठानको उत्पादन स्थलबाट निष्कासन गरी लगेको वा विदेशबाट पैठारी गरी ल्याएको प्रमाणित भएमा त्यस्तो वस्तु अन्तःशुल्क अधिकृतले आफ्नो कब्जामा लिई जफत गर्न सक्नेछ।

(२)[१९] ..................

(३) झुट्टा लेखा वा कीर्ते कागज तयार गरी अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गरेमा वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेको पाइएमा अन्तःशुल्क अधिकृतले सोसँग सम्बन्धित सम्पूर्ण वस्तु जफत गर्न सक्नेछ।

(४) तिर्नु पर्ने अन्तःशुल्क दबाए, छिपाए वा छलेमा अन्तःशुल्क अधिकृतले सोसँग सम्बन्धित वस्तु र सो वस्तु उत्पादन गर्ने उपकरण समेत जफत गर्न सक्नेछ।

(५) कब्जामा लिएको वस्तु अन्तःशुल्क अधिकृतले जफत गर्नुअघि सम्बन्धित व्यक्तिलाई जफत गर्नु नपर्ने कुनै कारण भए सोको प्रमाण पेश गर्नको लागि सात दिनको सूचना दिनु पर्नेछ।

## परिच्छेद–५

## अन्तःशुल्क अधिकृत र इजाजतपत्रवालाको काम, कर्तव्य र अधिकार

१२. **अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गोदाममा रहेको अन्तःशुल्क लाग्ने वस्तु बिक्री वितरण वा ओसारपसार गर्न गोदाम बाहिर निकाल्दा आफ्नो उपस्थितिमा त्यस्तो वस्तु निकाल्न लगाई सोको लगत प्रतिष्ठानको उत्पादन स्थलमा राख्न लगाउने,

(ख) विभागबाट माग गरिएको अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा बिक्री वितरण वा गोदाममा रहेको वस्तुको परिमाण र असुल उपर भएको अन्तःशुल्क वा विभागले मागेको अरु कुनै कुराको प्रतिवेदन विभागमा पठाउने,

(ग) अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा बिक्रीको विवरण अनुसूची-४ बमोजिमको दैनिक किताबमा राख्न लगाउने,

(घ) भन्सार नाकाबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी भएको अवस्थामा पैठारी गर्ने इजाजतपत्रवालाको नाम, पैठारी गरिएको वस्तुको परिमाण र मूल्य स्पष्ट खुल्ने गरी दैनिक किताबमा जनाई राख्ने,

(ङ) इजाजतपत्रवालाले नियम १३ बमोजिम पूरा गर्नु पर्ने काम, कर्तव्य पूरा गरे नगरेको समय समयमा निरीक्षण गर्ने,

[२०](ङ१) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने प्रतिष्ठानको मासिक रूपमा निरीक्षण गरी अन्तःशुल्क निर्धारण गर्ने,

(च) अन्तःशुल्क अधिकृतले यस नियमावली बमोजिम आफ्नो कर्तव्य पालन गर्ने सन्दर्भमा विभागले तोकेको अन्य कार्यहरू गर्ने।

(२) इजाजतपत्रवालाले स्वयं निष्कासन प्रक्रिया अनुसार आफैं निष्कासन गरेको अन्तःशुल्क लाग्ने वस्तुको हकमा अन्तःशुल्क अधिकृतले विभागले तोके बमोजिमको प्रक्रिया अपनाई इजाजतपत्रवालाको खाता तथा विवरण जाँची प्रमाणित गर्नु पर्नेछ।

**१३. <u>इजाजतपत्रवालाको काम तथा कर्तव्यः</u>** (१) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

[२१](क) यस नियम बमोजिम पेश गर्नु पर्ने विवरण र फाँटवारी विभागले तोकेको ढाँचामा वस्तुको हकमा वस्तु निष्कासन भएपछि तथा सेवाको हकमा बीजक जारी भएपछिको महिनाको २५ गतेभित्र अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्ने,

(ख) उत्पादन भएको र बिक्री वितरण भएको वस्तुको विवरण दैनिक किताबमा जनाई राख्ने र निरीक्षणको क्रममा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई सो किताब देखाउने,

(ग) उत्पादन भएको वस्तुको नमूना अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा पठाउने,

(घ) गोदाममा राखिएको वस्तुको विवरण अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई सोको निस्सा राख्ने।

(२) अन्तःशुल्क लाग्ने वस्तुको सेवा प्रदान गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) प्रदान गरेको सेवाको बीजक र सोको हिसाब दैनिक रूपमा राख्ने,

[२२](ख) अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने काममा प्रयोग हुने अन्तःशुल्क लाग्ने वस्तुको खरिद प्रमाण वा खरिद बीजक साथमा राख्ने,

[23](ग) अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले मागेका बखत खण्ड (क) बमोजिमको कागजात उपलब्ध गराउने।

(३) अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष खरिद बीजक पेश गर्नुपर्ने।

(ख) प्रतीतपत्रको माध्यमबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा वस्तुको किटानी विवरण, भन्सार प्रयोजनको लागि वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्ने।

(४) इजाजतपत्रवालाले प्राप्त गरेको इजाजतपत्र आफ्नो कारोबार स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

[24](५) ... ... ... ...

**[25]परिच्छेद-५क.**

**कारोबारको अभिलेख सम्बन्धी व्यवस्था**

**१३क.** **अभिलेख राख्नु पर्ने:** (१) इजाजतपत्रवालाले ऐन र यस नियमावलीको प्रयोजनको निमित्त देहायका कागजात र विवरणको अभिलेख राख्नु पर्नेछः-

(क) चुरोट उत्पादक इजाजतपत्रवालाले अनुसूची-४, ५, ६, ७, ८, ९ र ९क. बमोजिमका खाता र तिनको विवरण,

(ख) मदिरा, स्प्रिट, खुँदो र बियर उत्पादक इजाजतपत्रवालाले अनुसूची-४, ९क., १०, ११ र १२ बमोजिमका खाता, फाँटवारी र तिनको विवरण,

(ग) अन्तःशुल्क विवरण बुझाउनु पर्ने सबै इजाजतपत्रवालाले अनुसूची-४ग. र ४घ. बमोजिमका खरिद तथा बिक्री खाताहरू,

(घ) आफूले जारी गरेका तथा प्राप्त गरेका बीजकहरू,

(ङ) व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख,

(च) आफूले गरेको आयात र निर्यातसँग सम्बन्धित सम्पूर्ण कागजातहरू,

(छ) विभागले तोकेका अन्य कागजातहरू।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग वा खास व्यवसायको लागि थप अभिलेखहरू राख्नु पर्ने गरी विभागले तोक्न सक्नेछ।

(३) इजाजतपत्रवालाले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरू विभागको अनुमति लिई कम्प्युटर वा त्यस्तै अन्य यान्त्रिक प्रणालीमा विभागले तोकिदिए बमोजिमको तरिका अपनाई राख्न सक्नेछ।

(४) यस नियम बमोजिम इजाजतपत्रवालाले राखेको अभिलेख अन्तःशुल्क अधिकृतले कारोबार समय वा कार्यालय समयमा जुनसुकै बखत हेर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम अन्तःशुल्क अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा माग गरेका कागजात र विवरण उपलब्ध गराउनु र आवश्यक सहयोगका लागि कर्मचारीको व्यवस्था गर्नु इजाजतपत्रवालाको कर्तव्य हुनेछ।

**१३ख.** **खाता प्रमाणित सम्बन्धी व्यवस्थाः** ऐनको दफा १०ख. को उपदफा (२) बमोजिमका खाताहरू कारोबार सुरु गर्नुपूर्व अन्तःशुल्क अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।

**१३ग.** **इजाजतपत्रवालाले अन्तःशुल्क विवरण पेश गर्नु पर्नेः** अन्तःशुल्क उठाई बुझाउनु पर्ने दायित्व भएका इजाजतपत्रवालाले विक्रम संवत् अनुसारको एक महिनाको अन्तःशुल्कको विवरण सो महिना समाप्त भएको मितिले २५ दिनभित्र [२६]सुर्तीजन्य पदार्थ बाहेक स्वयं निष्कासन प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४ङ. बमोजिमको ढाँचामा र सुर्तीजन्य पदार्थ र भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४च. बमोजिमको ढाँचामा सम्बन्धित अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

**१३घ.** **अन्तःशुल्क विवरण पेश गर्न लगाउन सकिनेः** कुनै इजाजतपत्रवालाको मृत्यु भएमा वा निजले अन्तःशुल्क विवरण पेश गर्न शारीरिक वा मानसिक रूपमा असमर्थ भएमा निजको मृत्यु भएको वा निज शारीरिक वा मानसिक रूपमा असमर्थ भएको अघिल्लो दिनसम्मको अवधिसम्म निजले अन्तःशुल्कजन्य कारोबार गरेको मानी अन्तःशुल्क अधिकृतले सो महिनाको अन्तःशुल्क विवरण निजको हकवाला वा कानून बमोजिमको प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ।

[27]१३ङ. **अन्तःशुल्क फिर्ता सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३ख. को उपदफा (५) बमोजिम अन्तःशुल्क फिर्ता पाउन आन्तरिक राजस्व विभागले तोकेको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष दरखास्त पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश हुने दरखास्त साथ विभागले तोके बमोजिमका निर्यात प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ।

(३) ऐनको दफा ३ख. को उपदफा (६) बमोजिम फिर्ता गरिने अन्तःशुल्क रकम बीस हजार रुपैयाँभन्दा बढी भएमा सम्बन्धित व्यक्तिको बैङ्क खातामा जम्मा हुने गरी चेक मार्फत भुक्तानी गर्नु पर्नेछ।

## परिच्छेद—६

## चुरोट र बिंडीका सम्बन्धमा विशेष व्यवस्था

१४. **चुरोटको उत्पादन तथा बिक्री वितरणः** चुरोट उत्पादन गर्ने इजाजतपत्रवालाले देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) कच्चा र कोरा सुर्तीको हिसाब राख्नु पर्नेः चुरोट बनाउनको निमित्त प्रतिष्ठानमा झिकाइएको सबै प्रकारको स्वदेशी र विदेशी सुर्तीको हिसाब तथा विवरण अनुसूची-५ बमोजिमको ढाँचामा राखी प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्ने,

(ख) सुर्ती खपतको हिसाब राख्नेः चुरोट बनाउनलाई प्रयोग गरिएको सुर्तीको हिसाब अनुसूची-६ बमोजिमको ढाँचामा राखी प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रत्येक दिन जँचाई प्रमाणित गराई राख्नु पर्ने,

(ग) चुरोटमा सुर्तीको अनुपात खुलाउनेः विभिन्न प्रकारको चुरोट बनाउन प्रयोग गरिने स्वदेशी र विदेशी सुर्तीको अनुपात खुलाई विभागबाट स्वीकृति लिई राख्नु पर्ने,

(घ) तयारी चुरोट बट्टा बन्दी गर्नेः बिक्रीयोग्य तयारी चुरोटलाई राम्रोसँग जाँचबुझ गरी बट्टामा हाली बन्द गर्ने तथा गोदामबाट बिक्रीको लागि निकालिएको चुरोट [28]अन्तःशुल्क अधिकृतको स्वीकृति बेगर कारखानामा पुनः ल्याउन नहुने,

(ङ) <u>चुरोटका बट्टाहरू प्याकिङ्ग गर्नेः</u> तयारी चुरोटका बट्टाहरूलाई ठूलो कागजमा बन्द गरी दैनिक बन्द गरिएको चुरोटको बट्टा सङ्ख्या, सिलसिलेवार नम्बर र बन्द गरिएको मिति समेत स्पष्ट देखिने गरी अनुसूची-७ बमोजिमको ढाँचामा उल्लेख गर्ने तथा गोदाममा राखिएको चुरोटको हिसाब अनुसूची-८ बमोजिमको ढाँचामा राख्नु पर्ने,

(च) <u>गोदामबाट चुरोट निकाल्ने तरिकाः</u> चुरोट बिक्री गर्नको निमित्त गोदामबाट बाहिर निकाल्नलाई अनुसूची-९ बमोजिमको ढाँचामा फाराम भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष पेश गर्ने तथा निजहरूबाट जाँची निष्कासन गर्ने इजाजत प्राप्त भएपछि सोको विवरण भरी राख्ने।

[२९]**१४क. <u>विभागले चुरोट र बिँडीको प्रतिलब्धि दर तोक्न सक्नेः</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चुरोट र बिँडीको उत्पादनको प्रतिलब्धि दर विभागले तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम विभागले प्रतिलब्धि दर नतोकेको अवस्थामा चुरोट र बिँडी उत्पादन गर्ने इजाजतपत्रवालाले पेश गरेको प्रतिलब्धि दर उपर जाँचबुझ गरी त्यस्तो प्रतिलब्धि दरलाई विभागले मान्यता दिन सक्नेछ।

[३०]**१५. <u>बिँडीको उत्पादन तथा बिक्री वितरणः</u>** (१) बिँडी उत्पादन गर्ने इजाजतपत्रवालाले सो बिँडी उत्पादन गर्नको लागि खपत भएको कच्चा सुर्तीको हिसाब राखी बिँडीको उत्पादन तथा बिक्री वितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिँडीको उत्पादन गरी बिक्री गर्नुपूर्व अनुसूची-९ बमोजिमको निष्कासन माग फाराम अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीबाट स्वीकृत गराएर मात्र निष्कासन गर्नु पर्नेछ।

## परिच्छेद–७

## <u>मदिरा सम्बन्धी विशेष व्यवस्था</u>

**१६. <u>मदिरा उत्पादनः</u>** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले पेटेन्ट स्टिल प्लाण्टबाट उत्पादित स्प्रिटको मिश्रण (ब्लेण्डिङ्ग) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ।

[31](२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले बियर, वाइन, [32]<u>साईडर</u> तथा १५, २५, ३०, ४०, ५० र ७० यू.पी. शक्तिको मदिरा विभागले तोके बमोजिमको परिमाणमा बोतलबन्दी गरी उत्पादन गर्नु पर्नेछ।

[33](३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ७० यू.पी. शक्तिको मदिरालाई ३०० मिली लिटरको पेट बोतल वा विभागले तोके बमोजिम बोतलबन्दीमा मात्र बिक्री गर्नु पर्नेछ।

[34](४) वाइनको उत्पादन गर्दा पेटेन्ट स्टील ट्याङ्क वा काठको भाँडा (भ्याट) मा राखी फर्मेन्टेसन गर्नु पर्नेछ।

[35](५) उपनियम (४) बमोजिमको व्यवस्था संवत् २०७६ साल वैशाख १ गतेदेखि लागू हुनेछ।

१७. **<u>कच्चा पदार्थको संरक्षणः</u>** मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मोलासिस, स्प्रिट लगायतका कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध गर्नु पर्नेछ। त्यस्ता कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध नगरी हानि नोक्सानी भएमा सो बापत त्यस्तो इजाजतपत्रवालाले उत्पादन गर्ने मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने राजस्व सो इजाजतपत्रवालाबाट असुल उपर गरी लिनु पर्नेछ।

[36]१८. **<u>ब्याच र सिलसिलेवार नम्बर अङ्कित गर्नु पर्नेः</u>** (१) मदिराको उत्पादन प्रक्रिया समाप्त भएपछि त्यस्तो मदिरा राखिएको प्रत्येक बोतलमा ब्याच नम्बर, सिलसिलेवार नम्बर, उत्पादन मिति, उत्पादन गर्ने इजाजतपत्रवालाको नाम, ट्रेडमार्क र शक्ति लेखिएको लेवल अङ्कित गरी गोदाममा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गोदाममा पठाउँदा अनुसूची-९क. बमोजिमको ढाँचामा ब्याच नियन्त्रण खाता प्रमाणित गरी राख्नु पर्नेछ।

१९. **<u>वास सम्बन्धी रेकर्ड राख्नेः</u>** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वास बनाउनको लागि फर्मेन्टेसन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानीको मात्रा समेत उल्लेख गरी सोको विवरण स्पष्ट देखिने गरी लगत राख्नु पर्नेछ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टिलेसन (चुहान) को लागि तयार भएको वास डिष्टिलेसन प्लाण्टमा हाल्नु अगावै डिष्टिल गर्ने वासको परिमाण र भेट नं. को लगत राखी सोको जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई दिनु पर्नेछ।

२०. **इजाजत बेगर डिष्टीलरी वा ब्रुअरीभित्र प्रवेश गर्न नपाउने:** डिष्टीलरी वा ब्रुअरीभित्र मदिरा बनाउने वा मदिरा राखेको ठाउँनिर डिष्टीलरी र ब्रुअरीको कामदार बाहेक बेसरोकारवाला अन्य कुनै पनि व्यक्ति अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत बेगर प्रवेश गर्न पाउने छैन।

२१. **निरीक्षण पुस्तिका राख्नु पर्ने:** मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टीलरी वा ब्रुअरीमा विभागले तोके बमोजिमको एउटा निरीक्षण पुस्तिका राख्नु पर्नेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले डिष्टीलरी वा ब्रुअरी निरीक्षण गर्दा निरीक्षण मिति, समय र मदिरा उत्पादन प्रक्रियाका सम्बन्धमा देखेको त्रुटि सम्बन्धी सबै कुरा सो पुस्तिकामा लेख्नु पर्नेछ।

२२. **मदिराको हिसाब राख्ने:** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वासबाट चुहान भएको मदिराको परिमाण र त्यसको शक्ति समेत खुलाई अनुसूची-१० र मदिरा बिक्री र सोबाट प्राप्त हुने अन्तःशुल्कको फाँटवारी अनुसूची-११ बमोजिमको ढाँचामा विवरण तयार गरी राख्नु पर्नेछ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा बनाउन प्रयोग गरेको अन्न र फलफूलको हिसाब राखी त्यसबाट के कति मदिरा उत्पादन भयो सोको विवरण भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्नेछ।

[३७](३)... ... ...

[३८]२३. **मौज्दात कमीको मिनाहा:** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूसँग रहेको मदिराको मौज्दातमा वाष्पीकरण, दुर्वौधीकरण, चुहावट वा बोतलमा मदिरा भर्दाको कारणबाट [३९]एक प्रतिशतसम्म कमी हुन आएमा मासिक विवरणमा उल्लेख गरी मिनाहाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

[४०](१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्षभन्दा बढी अवधि ब्यारेलमा राखी स्प्रिट मेचुरेसन गर्दा अल्कोहल प्रतिशतमा वार्षिक दुई प्रतिशतसम्म र आयतनमा वार्षिक तीन प्रतिशतसम्म वाष्पीकरण र दुर्वौधीकरणको कारणबाट कमी हुन आएमा मेचुरेसन अवधि पूरा भएपछिको महिनाको विवरणमा उल्लेख गरी मिनाहाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) [४१]र उपनियम (१क) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले [४२]तीस दिनभित्र जाँच गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा मौज्दात कमी भएको मनासिब माफिकको कारण भएमा आधार स्पष्ट खुलाई अन्तःशुल्क अधिकृतले [४३]उपनियम (१) को हकमा एक प्रतिशतसम्म र उपनियम (१क) को हकमा सो उपनियममा उल्लेख भएको प्रतिशतसम्म मौज्दात कमी मिनाहा दिन सक्नेछ।

[४४](४) ..................

[४५](४क) .................

[४६](५) ................

[४७]२३क. **बियर मौज्दात कमीको मिनाहाः** (१) बियर उत्पादन गर्ने इजाजतपत्रवालाले तयारी बियर [४८].......पाश्चराइजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा बिग्रेर बोतलमा प्रयोग हुन नसक्ने अवस्थाका क्राउनकर्कको मौज्दात कमीको विवरण विभागले तोकेको ढाँचामा मासिक रूपमा उल्लेख गरी मिनाहाका लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले [४९]तीस दिनभित्र जाँच गर्नु पर्नेछ। त्यसरी जाँच गर्दा [५०]....... पाश्चराइजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा बिग्रेको बियरको भौतिक परीक्षण गरी बढीमा दुई प्रतिशतसम्म मौज्दात कमीको मिनाहा दिन सक्नेछ।

[५१]२३ख. **पुरानो तयारी मदिराको पुनः प्रशोधन गर्न स्वीकृति लिनु पर्नेः** बिक्री वितरण गरी फिर्ता आएको वा बिक्री नभई गोदाममा रहेका पुरानो तयारी मदिरालाई पुनः प्रशोधन गरी मदिरा उत्पादन गर्न चाहने इजाजतपत्रवालाले विभागको पूर्व स्वीकृति लिई मदिराको पुनः प्रशोधन गर्न सक्नेछ।

## परिच्छेद—८

## सख्खर र खुँदो (मोलासिस) सम्बन्धी विशेष व्यवस्था

२४. **सुरक्षित साथ राख्नु पर्नेः** चिनी तथा खाँडसारी मिलले आफूले उत्पादन गरेको मोलासिस सञ्चय गर्दा पानी नपस्ने गरी संरक्षणको उचित प्रबन्ध गरी सोको बिक्री कार्यालयको सिफारिसमा गर्नु पर्नेछ। त्यसरी उपयुक्त संरक्षणको व्यवस्था नगरी हानि नोक्सानी भएमा त्यस्ता मोलासिसमा लाग्ने अन्तःशुल्क मिनाहा दिइने छैन।

२५. **उत्पादन र बिक्रीको हिसाब राख्नु पर्नेः** चिनी वा खाँडसारी मिलले सख्खर वा खुँदो (मोलासिस) उत्पादन गरेपछि दैनिक रूपमा भएको त्यस्तो उत्पादनको बिक्रीको

हिसाब अनुसूची-१२ बमोजिमको ढाँचामा अद्यावधिक गरी मासिक रूपमा कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

[५२]**२५क.** **<u>स्प्रिट तथा इथानोललाई अन्य प्रयोगमा ल्याउनेः</u>** (१) इजाजतपत्रवालाले स्प्रिटलाई अन्य प्रयोगमा ल्याउने उद्देश्यले डिनेचर्ड स्प्रिट बनाउँदा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट स्वीकृति लिई रेक्टिफाइड वा हेड्स स्प्रिटमा पाइरिडिन वा कोचिसिन वा मिथायल अल्कोहल आयतनको हिसाबबाट कम्तीमा ०.०२ प्रतिशत मिश्रण गरी डिनेचर्ड स्प्रिट बनाउनु पर्नेछ। यस्तो मिश्रण गर्दा आवश्यकतानुसार रङ्गिन गर्नु पर्ने गरी विभागले इजाजतपत्रवालालाई निर्देशन दिन सक्नेछ। आन्तरिक राजस्व कार्यालयले रेक्टिफाइड स्प्रिटबाट डिनेचर्ड स्प्रिट बनाउने स्वीकृति दिँदा रेक्टिफाइड स्प्रिटबाट आउने अन्तःशुल्क नघट्ने गरी मात्र स्वीकृति दिनु पर्नेछ।

(२) इजाजतपत्रवालाले पेट्रोलमा समिश्रण गर्ने प्रयोजनको लागि उत्पादन गरेको एनहाइड्रस इथानोल नेपाल आयल निगम वा नेपाल सरकारबाट स्वीकृति प्राप्त निकायलाई मात्र बिक्री गर्नु पर्नेछ। यस्तो वस्तु बिक्रीको लागि प्रतिष्ठानबाट निष्कासन गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्वीकृति लिनु पर्नेछ। आन्तरिक राजस्व कार्यालयले यस्तो स्वीकृति दिँदा त्यस्तो वस्तुमा कम्तीमा दुई प्रतिशत पेट्रोल मिश्रण गर्नु पर्ने गरी निष्कासन गर्न स्वीकृति दिनु पर्नेछ।

[५३](३) मोलासेस, रेक्टिफाइड स्प्रिट, इ.एन.ए, माल्ट स्प्रिट लगायतका मदिराका कच्चा पदार्थ तथा डिनेचर्ड स्प्रिटको पैठारी, उत्पादन तथा बिक्री वितरणका लागि विभागले प्रक्रिया तोकी नियन्त्रण गर्न सक्नेछ।

## परिच्छेद–९

## <u>विविध</u>

**२६.** **<u>मौज्दात जाँच्न सक्नेः</u>** इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ, अर्धतयारी पदार्थ वा वस्तु तथा तयारी पदार्थ वा वस्तुको मौज्दात जाँच गर्नका लागि कार्यालयले कुनै पनि समयमा कर्मचारी खटाउन सक्नेछ। त्यस्तो कर्मचारीलाई मौज्दात जाँच गर्न दिनु इजाजतपत्रवालाको कर्तव्य हुनेछ। त्यसरी जाँच गरिएको विवरणको प्रतिवेदन कार्यालयले विभागमा पेश गर्नु पर्नेछ।

**२७.** **<u>इजाजतपत्रवालाले दुर्घटनाको सूचना दिनु पर्नेः</u>** इजाजतपत्रवालाले उत्पादन स्थलमा कुनै किसिमको दुर्घटना भएमा सो कुराको सूचना यथाशीघ्र सम्बन्धित अन्तःशुल्क

अधिकृत वा विभागलाई दिनु पर्नेछ। सो बमोजिमको सूचना नदिएमा त्यस्तो दुर्घटनाबाट नेपाल सरकारलाई हुन गएको अन्तःशुल्क सम्बन्धी हानि नोक्सानी इजाजतपत्रवालाले नै व्यहोर्नु पर्नेछ।

[५४]तर इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु वा पदार्थ एक स्थानबाट अर्को स्थानमा ढुवानी गर्दा दुर्घटना भई त्यस्तो वस्तु वा पदार्थ नोक्सानी भएको अवस्थामा सो वस्तुको बीमा गराएको रहेछ र सोको क्षतिपूर्ति प्राप्त भएको रहेछ भने सो क्षतिपूर्ति प्राप्त भएको हदसम्म नेपाल सरकारलाई हुन गएको अन्तःशुल्क सम्बन्धी हानि नोक्सानी इजाजतपत्रवालाले व्यहोर्नु पर्ने छैन।

२८. **प्रतिष्ठान बन्द गर्दा सूचना दिनु पर्नेः** (१) कुनै प्रतिष्ठान कुनै पनि कारणले बन्द गर्नु परेमा त्यस्तो कारण प्रष्ट खुलाई त्यसरी बन्द गर्नुभन्दा तीन दिन अगावै सम्बन्धित अन्तःशुल्क अधिकृत र विभागलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ।

[५५] ..................

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा विभागले आवश्यक सम्झेमा सो प्रतिष्ठान चालू राख्न सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ।

[५६]२९. **मूल्य खुलाउनु पर्नेः** (१) मदिरा, बियर, चुरोट [५७]सुर्ती, खैनी, गुट्खा, निकोटिनयुक्त वा निकोटिनरहित पानमसला तथा यस्तै अन्य सुर्तीजन्य पदार्थहरू उत्पादन गर्ने [५८]तथा पैठारी गर्ने इजाजतपत्रवालाले वितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्वजनिक गरी आफूले उत्पादन गरेको वस्तुमा अधिकतम खुद्रा मूल्य अङ्कित गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको इजाजतपत्रवालाले आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनु पर्ने र नयाँ ब्राण्डको उत्पादन गर्नुअघि बाँकी बक्यौता राजस्व चुक्ता गरेको हुनु पर्नेछ।

[५९]२९क. **सेवा बिक्री गर्दा बीजक जारी गर्नुपर्नेः** ऐनको दफा ३ को उपदफा (१) बमोजिमको सेवा बिक्री गर्दा अनुसूची-१३ बमोजिमको ढाँचाको बीजक जारी गर्नु पर्नेछ।

[६०]२९ख. **अन्तःशुल्क टिकटको प्रयोगः** (१) नेपालभित्र उत्पादन तथा पैठारी हुने विभागले तोकेका अन्तःशुल्कजन्य वस्तुमा विभागले तोकेको ढाँचाका अन्तःशुल्क टिकट प्रयोग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रयोग गर्ने टिकट विभागले तोकेको प्रक्रिया बमोजिम टाँस गर्नु पर्नेछ।

[६१]२९ग. **पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्ने:** मदिरा उत्पादन गर्ने प्रतिष्ठानले आफूले उत्पादन गरेको मदिरा (बियर, वाइन र साईडर बाहेक) को बोतलमा अन्तःशुल्क टिकटको सुरक्षाको लागि [६२]............ पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्नेछ।

[६३]३०. **अन्तःशुल्क टिकट दस्तुर लाग्ने:** [६४](१) नेपालभित्र उत्पादन तथा पैठारी हुने मदिरा वा सुर्तीजन्य पदार्थ उत्पादन वा पैठारी गरी भण्डारण गर्दाका बखत अन्तःशुल्क टिकट टाँस गर्नु पर्नेछ।

[६५](२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बियर उत्पादन गर्ने प्रतिष्ठानले तयारी बियर अन्तिम रूपमा बोतलबन्दी गर्दा विभाग वा कार्यालयबाट सिलबन्दी गरिएको स्थायी रूपमा जडित विद्युतीय सूचना सम्प्रेषण क्षमता भएको अटोफ्लोमिटर सहितको पाइपबाट मात्र बोतलबन्दी गर्ने गरी विभागले तोक्नेछ। [६६]यसरी बोतलबन्दी गरेपछि विभागले तोके बमोजिम प्रतिष्ठानले प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी वा कार्टुनमा अन्तःशुल्क टिकट टाँसी गोदाममा भण्डारण गर्नु पर्नेछ।

[६७](२क) सिगारको प्रत्येक बट्टामा र मुखमा राख्ने [६८]सुर्ती, खैनी, गुट्खा, निकोटिनयुक्त वा निकोटिनरहित पानमसाला तथा यस्तै अन्य सुर्तीजन्य पदार्थहरूको प्रत्येक प्याकेट, बट्टा वा पोकामा विभागले तोके बमोजिम अन्तःशुल्क टिकट लगाउनु पर्नेछ।

[६९](३) उपनियम (१), (२) र (२क) बमोजिम लगाइने अन्तःशुल्क टिकट विभागले तोकेको दस्तुर तिरी आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट खरिद गर्नु पर्नेछ। त्यस्तो टिकट विभागले तोके बमोजिम अङ्कित गरी अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्नु पर्नेछ।

[७०](४) करपाटीको दायाँ कुनामा कार्यालयले उपलब्ध गराएको इजाजत चिन्ह (स्टिकर) सबैले देख्ने ठाउँमा टाँसी राख्नु पर्नेछ।

[७१](५) [७२]........... प्रतिष्ठानलाई उपलब्ध गराइएका अन्तःशुल्क टिकट प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, बिग्रिएमा वा कम भएमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले भौतिक परीक्षण गरी प्रमाणित गरेको आधारमा कार्यालयले त्यस्ता अन्तःशुल्क टिकट प्रतिस्थापन गर्न सक्नेछ। त्यसरी

च्यातिएका र बिग्रिएका अन्तःशुल्क टिकटको मुचुल्काको आधारमा विभागले तोकेको प्रक्रिया अनुसार सम्बन्धित कार्यालयले नष्ट गर्नु पर्नेछ।

[७३]३०क. **<u>अन्तःशुल्क टिकट नष्ट गर्ने:</u>** (१) विभागमा मौज्दात रही प्रयोगमा ल्याउन नमिल्ने अवस्थाका अन्तःशुल्क टिकट नष्ट गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) महानिर्देशकले तोकेको विभागको सम्बन्धित विषय हेर्ने निर्देशक - सदस्य

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) कोष तथा लेखा नियन्त्रण कार्यालयको अधिकृतस्तरको - सदस्य

(घ) जिल्ला सरकारी वकिल कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(च) विभागको अन्तःशुल्क शाखाको अधिकृत - सदस्य सचिव

(२) आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा मौज्दात रहेका प्रयोगमा ल्याउन नमिल्ने अवस्थाका अन्तःशुल्क टिकट नष्ट गर्नको लागि देहाय बमोजिमको एक समिति रहनेछः-

(क) सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको प्रमुख [७४]........... - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ग) कोष तथा लेखा नियन्त्रण कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) जिल्ला सरकारी वकिल कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(च) आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको अन्तःशुल्क अधिकृत - सदस्य सचिव

(३) उपनियम (१) र (२) बमोजिमको समितिले विभागले बनाएको कार्यविधि बमोजिम विभाग, आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा रहेका प्रयोगमा ल्याउन नमिल्ने अन्तःशुल्क टिकट नष्ट गर्न सक्नेछ।

३१. [७५]..................

३२. [७६]**अन्तःशुल्क कर्मचारी बस्ने घरः** कुनै प्रतिष्ठानको लागि नियुक्त भएका [७७]अन्तःशुल्क कर्मचारीलाई प्रतिष्ठान परिसरभित्र बस्नको लागि फर्निचर सहितको घर वा कोठाको व्यवस्था प्रतिष्ठानले गर्नु पर्नेछ।

३३. **तयारी वस्तु राख्ने ठाउँः** (१) उत्पादन गरिएको वस्तु इजाजतपत्रवालाले त्यस्तो वस्तु उत्पादनस्थल परिसरभित्र गोदाममा राख्नु पर्नेछ। स्वयं निष्कासन प्रणाली अनुरूप निष्कासन हुनेमा बाहेक गोदामको एउटा ताल्चाको साँचो इजाजतपत्रवालाको प्रतिनिधि र अर्को ताल्चाको साँचो अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम राखिएका अन्तःशुल्क लाग्ने वस्तुहरू सुरक्षित साथ राख्ने जिम्मेवारी इजाजतपत्रवालाको हुनेछ। आगो लागी वा चोरी भई वा अरु कुनै कारणले त्यस्तो अन्तःशुल्क लाग्ने वस्तु नोक्सान भएमा उक्त नोक्सानी बापत नेपाल सरकार जवाफदेही हुने छैन।

(३) अन्तःशुल्क लाग्ने उत्पादनस्थलभित्र रहेका वस्तु अन्तःशुल्क अधिकृतको पूर्ण रेखदेखमा रहनेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत बेगर कुनै पनि अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ, अर्धतयारी पदार्थ वा तयारी पदार्थ उत्पादनस्थल बाहिर लैजान हुँदैन। स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तुको हकमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले खाता तथा विवरण जाँची प्रमाणित गरे मात्र पुग्नेछ।

[७८]३४. **उत्पादन प्रतिलब्धि दरः** (१) खुँदो (मोलासेस) बाट रेक्टिफाइड स्प्रिट वा ई.एन.ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति

क्वीन्टल खुँदोबाट न्यूनतम ६६ ओ.पी. शक्तिको कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रिट वा १९ लिटर ई.एन.ए. र एनहाइड्रस इथानोल उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदोबाट न्यूनतम ७२ ओ.पी. शक्तिको कम्तीमा १९ लिटर इथानोल उत्पादन गर्नु पर्नेछ।

(२) अन्नको दानाबाट रेक्टिफाइड स्प्रिट वा ई.एन.ए. उत्पादन गर्ने इजाजतपत्रवालाले भन्सार शीर्षक १०.०६ अन्तर्गत पर्ने अन्नबाट प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल ६६ ओ.पी. शक्तिको कम्तीमा ४० लिटर रेक्टिफाइड स्प्रिट वा ३८ लिटर ई.एन.ए. र भन्सार शीर्षक १०.०६ बाहेकमा पर्ने अन्नबाट प्रति क्वीन्टल ६६ ओ.पी. शक्तिको कम्तीमा ३७ लिटर रेक्टिफाइड स्प्रिट वा ३५.१५ लिटर ई.एन.ए. उत्पादन गर्नु पर्नेछ।

[७९](२क) चालीस ओ.पि. भन्दा कम घनत्व अल्कोहल शक्ति भएको स्प्रिट उत्पादन गर्ने इजाजतपत्रवालाले उपनियम (१) वा (२) मा उल्लेख भएको रेक्टिफाइड स्प्रिटको प्रतिलब्धि दरले सोही अनुपातमा हुने परिमाणमा स्प्रिट उत्पादन गर्नु पर्नेछ।

तर जौ मात्र प्रयोग गरी माल्ट स्प्रिट उत्पादन गर्नेको हकमा प्रतिलब्धि दर अधिकतम २० प्रतिशतसम्म कम हुनेछ।

(३) इजाजतपत्रवालाले जुनसुकै वस्तुबाट उत्पादित १०० लिटर रेक्टिफाइड स्प्रिटबाट ई.एन.ए. बनाउँदा न्यूनतम ९५ लिटर ई.एन.ए. उत्पादन गर्नु पर्नेछ।

(४) फलफूलबाट वाइन उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति किलो फलफूलबाट १२ प्रतिशत अल्कोहलको मात्रा भएको १.५ लिटर वाइनका दरले सोही अनुपातमा वाइन उत्पादन गर्नु पर्नेछ।

(५) [८०]उपनियम (१), (२), (२क) र (३) मा उल्लेख गरिएदेखि बाहेक कसैले अन्य वस्तुबाट रेक्टिफाइड स्प्रिट वा ई.एन.ए. उत्पादन गर्न चाहेमा विभागले तोके बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कुनै निवेदन पर्न आएमा विभागले त्यस्तो रेक्टिफाइड स्प्रिट वा ई.एन.ए. उत्पादन गर्न प्रयोग हुने वस्तुको आधारमा प्रतिलब्धि दर कायम गर्नेछ।

(७) इजाजतपत्रवालाले रेक्टिफाइड स्प्रिट, ई.एन.ए. वा वाइन उत्पादन गर्दा यस नियममा उल्लिखित दरभन्दा घटी उत्पादन हुन आएमा त्यसको उचित

र पर्याप्त कारण सहित स्वीकृतिको लागि अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको कसैको निवेदन पर्न आएमा अन्तःशुल्क अधिकृतले आवश्यक जाँचबुझ गर्दा रेक्टिफाइड स्प्रिट, ई.एन.ए. वा वाइन उत्पादनमा प्रयोग भएको वस्तुको प्रकृति तथा गुणस्तरको आधारमा घटी उत्पादन हुन सक्ने उचित तथा पर्याप्त कारण देखिएमा त्यस्तो घटी उत्पादन दरको स्वीकृति दिन सक्नेछ।

(९) उपनियम (८) बमोजिम छानबिन गर्दा प्रयोग भएको वस्तुको प्रकृति तथा गुणस्तरको आधारमा घटी उत्पादन हुन सक्ने उचित र पर्याप्त कारण नदेखिएमा अन्तःशुल्क अधिकृतले त्यसको जानकारी इजाजतपत्रवालालाई दिई त्यसरी फरक हुन गएको परिमाणको सो उद्योगको उत्पादनको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण अन्तःशुल्क निर्धारण गरी त्यस्तो अन्तःशुल्क रकम निजबाट असुल उपर गर्नु पर्नेछ।

[८१]**३४क.** .............

**३५. <u>अनुसूचीमा हेरफेर तथा संशोधनः</u>** [८२]अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी [८३]अनुसूची-२ बाहेकका अनुसूचीहरुमा हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**३६. खारेजी र बचाउः** (१) अन्तःशुल्क नियमहरू, २०१९ खारेज गरिएको छ।

(२) अन्तःशुल्क नियमहरू, २०१९ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछन्।

[८४]अनुसूची—१
(नियम ३ र ५ सँग सम्बन्धित)

श्रीमान् प्रमुखज्यू,
आन्तरिक राजस्व कार्यालय/को.ले.नि.का., .............।

मैले/हामीले देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेको छु/गरेका छौं। उल्लिखित विवरण र तथ्य मैले/हामीले जानेबुझेसम्म ठीक छन्।

(१) अन्तःशुल्क इजाजतपत्रको प्रकारः- (आफूले लिनु पर्ने इजाजतपत्रको प्रकारमा ✓(ठीक) लगाउनु होस्)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | बिक्री | सञ्चय | सेवा | ईटा | अन्य |
|---|---|---|---|---|---|---|---|
| नयाँ | | | | | | | |
| नवीकरण | | | | | | | |
| कारोबारको नाम | | | | | | | |

(२) व्यक्ति/प्रतिष्ठानको नामः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेपाली नेपाली | | | | | | | |
| अंग्रेजी अंग्रेजी | | | | | | | |
| व्यक्ति भए निजकोः | पति/पत्नीको नामः | | बाबुको नामः | | बाजे/ससुराको नामः | | |

(३) दर्ता विवरणः-

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्बर | | | | | | | | | |

कार्यालयको नामः

| व्यवसाय दर्ता मिति | कार्यालय र स्थान | दर्ता नं. |
|---|---|---|
| | | |

कारोबार सुरु भएको मिति

| |
|---|
| २० / / |

नवीकरण हुनु पर्ने आ.व.

| |
|---|
| २० / / |

(४) मुख्य कार्यालयको ठेगानाः-

| | स्थानः | पत्राचार गर्ने ठेगानाः |
|---|---|---|
| घर नं. (ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| [८५] □महानगरपालिका □उपमहानगरपालिका □नगरपालिका □गाउँपालिका | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.ब.नं. |
| फ्याक्स नं. | | इमेल |

(५) कारोबारको मुख्य स्थानः-
(मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)

| / | स्थानः | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| [८६] □महानगरपालिका □उपमहानगरपालिका □नगरपालिका □गाउँपालिका | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.ब.नं. |
| फ्याक्स नं. | | इमेल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| चार किल्ला | पूर्व | | पश्चिम | | उत्तर | | दक्षिण | |

(६) इजाजत दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः-

| क्र.सं. | कारोबारको नाम/ इजाजतपत्र प्रकार | दाखिला दस्तुर | जरिवाना | बैङ्क/कार्यालय | भौ.नं./र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

- कार्यालयमा दाखिला गरेको भए सोको प.सं.......... मिति २० / /
- कुनै राजस्व बाँकी छ/छैन। छ भने ?

आयकरः
मू.अ.करः
अन्तःशुल्कः
अन्यः

(७) प्रबन्ध निर्देशक/प्रमुख सञ्चालक/कार्यकारी निर्देशकको:

(क) नाम पहिलो बीचको थर

| | | | |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख) नियुक्ति मिति □□□ (ग) राष्ट्रियता □

(घ) परिचय गराउने अन्य कागजात

| कागजातको प्रकार | परिचयपत्र नं. | जारी गर्ने कार्यालय र स्थान | जारी गरेको मिति |
|---|---|---|---|
| | | | |

| (ङ) ठेगानाः | स्थानः | पत्राचार गर्ने ठेगाना | |
|---|---|---|---|
| घर नं.(ब्लक नं.) | | | |
| वडा नं. | | | |
| टोल | | | |
| [८७] □महानगरपालिका □उपमहानगरपालिका □नगरपालिका □गाउँपालिका | | | |
| जिल्ला | | | |
| क्षेत्र | | | |
| टेलिफोन नं. | | पो.ब.नं. | |
| फ्याक्स नं. | | इमेल | |

निवेदकको,-

दस्तखतः

नामः

पदः

संस्थाको छापः

(८) कार्यालय प्रयोजनको लागिः—

......................... इजाजतपत्र आ.व. ......... का लागि स्वीकृत भएको छ।

....................... इजाजतपत्र आ.व. ......... का लागि नवीकरण भएको छ।

......................... इजाजतपत्रका लागि भौ.नं. ............/ र.नं. .............

बाट रु. ............ दस्तुर र रु. ................. थप दस्तुर (जरिवाना) दाखिला भएको छ।

पेश गर्नेः सिफारिस गर्नेः सदर गर्नेः

[८८]अनुसूची—२

(नियम ३ र ५ सँग सम्बन्धित)

इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर

इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछः—

| सि.नं. | विवरण | दर रु. |
|---|---|---|
| १. | मदिरा र इथानोल उत्पादनतर्फ | |
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,९५,०००।— |
| (ख) | बियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,९५,०००।— |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,९५,०००।— |
| (घ) | वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु.९६,०००।— |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु. १,९५,०००।— |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. २,४०,०००।— |

| | | |
|---|---|---|
| २. | मदिरा बिक्री वितरणतर्फ | |
| (क) | होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि | |
| (१) | पाँचतारे होटल | रु. ६०,०००।— |
| (२) | चारतारे होटल | रु. ४८,०००।— |
| (३) | तीनतारे होटल | रु. ३६,०००।— |
| (४) | दुईतारे होटल | रु.२४,०००।— |
| (५) | एकतारे होटल | रु. १२,०००।— |
| (६) | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री गर्ने पर्यटकस्तरको [८९]रेष्टुरेण्ट, रिसोट तथा पार्टी प्यालेस | रु. ८,५००।— |
| (७) | स्वदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु.४,५००।— |
| (ख) | मदिरा बिक्रेताको लागिः | |
| (१) | मदिरा वितरक | रु. ३६,०००।— |
| (२) | थोक बिक्रेता | रु. २४,०००।— |

| | | |
|---|---|---|
| (३) | स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा बिक्रेता | रु. १२,०००।— |
| (४) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु.८,५००।— |
| (५) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका बाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु. ४,५००।— |
| (६) | डिपार्टमेण्टल स्टोर | रु. २४,०००।— |
| (ग) | मदिरा निकासी तथा पैठारीकर्ताको लागि : | |
| (१) | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु.४८,०००।— |
| (२) | मदिरा निकासीकर्ता | रु.६,०००।— |

| | | |
|---|---|---|
| ३. | पैठारी तथा अन्य वस्तु खरिद बिक्री र उत्पादन तर्फः | |
| (क) | विदेशी चुरोट र सिगार | रु. ४८,०००।— |
| (ख) | सुर्ती तथा सुर्तीजन्य वस्तु (विदेशी खैनी, जर्दा, नश तथा पानमसला आदि) पैठारी गर्नेको लागि | रु. ४८,०००।— |
| (ग) | पानमसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक बिक्री | रु.७,२००।— |
| (घ) | पानमसला, खैनी, जर्दा, नश, सुर्ती तथा सुर्तीजन्य वस्तु (चुरोट बाहेक) उत्पादन गर्नेको लागि | रु.१,२०,०००।— |
| (ङ) | चुरोट, खैनी, जर्दा, नश, सुर्ती तथा पानमसला खुद्रा खरिद बिक्री गर्नेको लागि | रु.२,०००।— |
| (च) | विदेशी खुँदो र गुँड पैठारी गर्नेको लागि | रु.१८,०००।— |
| (छ) | खुँदो, गुँड र स्प्रिट खरिद बिक्री (निकासी समेत) गर्नेको लागि | रु.६,०००।— |
| (झ) | नेपाल बाहिर चुरोट र अन्य सुर्तीजन्य वस्तुहरू निकासीकर्ता | रु.६,०००।— |
| (ञ) | माथि खण्ड (क) देखि (झ) सम्म उल्लेख नभएका तर स्वदेशमा उत्पादन गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरू पैठारी गर्नेको लागि | रु.१२,०००।— |
| (ट) | पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर | |

| | | |
|---|---|---|
| | (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागिः | |
| | (१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) | रु.२४,०००।— |
| | (२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर भन्दा बढीको) | रु.४८,०००।— |
| [९०](ठ) | खण्ड (क) देखि (ञ) सम्म उल्लेख नभएका तर पैठारी गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि | रु. १२,०००।— |
| ४. | माथि प्रकरण १, २ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पुंजीको आधारमा प्रत्येक एक लाख रूपैयाँ स्थिर पुंजी भएको प्रतिष्ठानलाई साठी रूपैयाँका दरले उत्पादन ईजाजतपत्र दस्तुर लाग्नेछ। यस्तो ईजाजतपत्र दस्तुर न्यूनतम आठ हजार रूपैयाँभन्दा कम र अधिकतम अड्चालिस हजार रूपैयाँ भन्दा बढी हुने छैन। | |
| ५. | [९१]यस अनुसूची बमोजिमको दस्तुर औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची—१० मा उल्लेख भएका अति अविकसित क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम दस्तुर लाग्नेछ। | |

द्रष्टव्य [९२]..................

[१३]अनुसूची—३

(नियम ४ सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

<u>अन्तःशुल्क इजाजतपत्र</u>

| फोटो |
|---|

स्थायी लेखा नं. (PAN)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

इजाजत नं.

| |
|---|
| |

अन्तःशुल्क ऐन, २०५८ को दफा ९ को उपदफा (३) र अन्तःशुल्क नियमावली, २०५९ को नियम ४ बमोजिम इजाजतपत्रका लागि पर्न आएको निवेदनका आधारमा अन्तःशुल्क लाग्ने वस्तु उत्पादन/खरिद/बिक्री/निष्कासन/पठारी/सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न देहायका शर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ।

इजाजतपत्र पाउने प्रतिष्ठानको,-

नामः

ठेगानाः

सञ्चालकको नामः

सञ्चालकको स्थायी ठेगानाः

| कारोबारको विवरण | कारोबारको किसिम |
|---|---|

इजाजतपत्र पाउनेको

दस्तखतः

इजाजतपत्र जारी गर्ने अधिकारीको

दस्तखतः

नामः

दर्जा

इजाजपत्र नवीकरण सम्बन्धी विवरण

| | मिति | आ.व. |
|---|---|---|
| सुरु इजाजतपत्रः | | |
| पछिल्लो नवीकरणः | | |
| हालको इजाजतपत्रः | | |

कृपया अन्य जानकारीको लागि पछाडि हेर्नुहोला।

[९४](क) इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरू:-

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र नवीकरण गराई सक्नु पर्नेछ।

२. इजाजतपत्र सबैले देख्ने गरी कारोबारस्थलमा राख्नु पर्नेछ।

[९५](ख) मदिरा व्यवसायीले पालना गर्नु पर्ने शर्तहरू:-

१. होटल र रेष्टुरेण्ट बाहेक मदिराको कारोबार गर्ने इजाजतपत्रवालाले मदिरा र सुर्तीजन्य वस्तुको मात्र कारोबार गर्नु पर्नेछ।

२. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।

३. प्रत्येक बोतलको बिर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निष्कासन गर्नु पर्नेछ।

४. मदिरा खरिद बिक्री गर्ने इजाजतपत्रवालाले मदिरा खरिद बिक्री गरेको बीजक राख्नु पर्नेछ।

५. इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क स्टिकर टाँस भएका मदिरा मात्र बिक्री गर्नु पर्नेछ।

६. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाइने छैन।

७. गर्भवती महिलालाई मदिरा खरिद बिक्री गर्न, गराउन पाइने छैन।

८. बिहान १०:०० बजेदेखि राती १०:०० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ।

९. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन,२०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लिखित प्रावधानहरूको पालना गर्नु पर्नेछ।

[९६](ग) करमुक्त पसलले पालना गर्नु पर्ने शर्तहरू:-

१. बण्डेड वेयर हाउसले कूटनैतिक सुविधा प्राप्त व्यक्ति, संस्था वा नियोगलाई मात्र बिक्री गर्नु पर्नेछ।

२. करमुक्त पसलले विवरण मासिक विवरण बुझाउँदा बैङ्क ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरणसँगै बुझाउनु पर्नेछ।

३. बण्डेड वेयर हाउसले भन्सार बिन्दुबाट मालसामान भित्र्याउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा सो स्थानमा खटिएको अन्तःशुल्क कर्मचारीको रोहबरमा मात्र त्यस्तो मालसामान भित्र्याउने र निकाल्नु पर्नेछ।

[९७] (घ) चुरोट र सुर्तीजन्य वस्तुको बिक्री वितरण गर्ने इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरुः-

१. दैनिक उपभोग्य वस्तुहरुको कारोबार गर्ने व्यवसायीले इजाजतपत्र लिई उपभोग्य वस्तु भन्दा अलग्गै बिक्री स्थानबाट सुर्तीजन्य पदार्थको कारोबार गर्नु पर्नेछ।

२. चुरोट र सुर्तीजन्य वस्तुको खरिद बिक्री गर्ने इजाजतपत्रवालाले चुरोट र सुर्तीजन्य वस्तु खरिद बिक्री गरेको बीजक राख्नु पर्नेछ।

३. इजाजतपत्रवालाले अन्तःशुल्क टिकट टाँस भएको चुरोट र सुर्तीजन्य वस्तुको मात्र खरिद बिक्री गर्नु पर्नेछ।

४. अठार वर्ष उमेर नपुगेका व्यक्तिलाई चुरोट र सुर्तीजन्य वस्तु खरिद बिक्री गर्ने कार्यमा लगाउन पाइने छैन।

५. गर्भवती महिलाले चुरोट र सुर्तीजन्य वस्तु खरिद बिक्री गर्न गराउन पाइने छैन।

६. डिपार्टमेण्टल स्टोरले चुरोट र सुर्तीजन्य पदार्थको बिक्री वितरणको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।

नवीकरण सम्बन्धी विवरण

| नवीकरण गरेको मिति | आर्थिक वर्ष | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची–४

(नियम १२ सँग सम्बन्धित)

उत्पादन तथा बिक्री भएको दैनिक मौज्दातको हिसाब

| मिति | मालको विवरण | अघिल्लो दिनको बाँकी मौज्दात | दिनभरिमा भएको उत्पादन | जम्मा मौज्दात | बिक्रीको | | | बाँकी मौज्दात | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | अन्तःशुल्क को दर | जम्मा अन्तःशुल्क | परिमाण | अन्तःशुल्क को दर | जम्मा अन्तःशुल्क | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

[९८]अनुसूची–४क

[९९](नियम ६क. को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

<u>अन्तःशुल्क निर्धारण आदेश</u>

मितिः / /

श्री ... ... ... ... ... ...

१) इजाजतपत्रवालाको नामः

२) इजाजतपत्रवालाको ठेगानाः

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३) स्थायी लेखा नम्बर | | | | | | | | | |
| अन्तःशुल्क इजाजतपत्र नम्बर | | | | | | | | | |

४) अन्तःशुल्क निर्धारण भएको अवधि ...................................

५) अन्तःशुल्क निर्धारण गर्ने ऐनको दफा .............. तथा नियमावलीको नियम .............. सँग सम्बन्धित।

निम्नानुसारको अन्तःशुल्क रकम रु. ........... अक्षरेपी .............................. मात्र) तिर्नु नपर्ने अथवा परिवर्तन गर्नु पर्ने कुनै ठोस प्रमाण भए यो पत्र प्राप्त गर्नु भएको पन्ध्र दिनभित्र अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नुहोला। अन्यथा यो आदेश प्राप्त गर्नु भएको पन्ध्र दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी ................................. स्थित .................................. बैङ्क वा नगद दाखिला गर्नु होला।

<u>अन्तःशुल्क निर्धारण गर्नु पर्ने कारणहरुः</u>

१. म्यादभित्र अन्तःशुल्क विवरण दाखिला नगरेकोले

२.	अधुरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेकोले

३.	झुट्टा अन्तःशुल्क विवरण पेश गरेकोले

४.	अन्य

५.	मिति ..................... सम्मको विलम्ब दस्तुर र जरिवाना गणना गरिएको छ।

अन्तःशुल्क अधिकृत

अन्तःशुल्क निर्धारण भएको अवधि

| क.सं | मासिक | महिना | वर्ष | थप अन्तःशुल्क निर्धारण भएको रकम | विलम्ब दस्तुर | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | | | जम्मा | | | | |

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्युटर प्रविष्टि
मितिः / /

अन्तःशुल्क अधिकृतको दस्तखत

[१००]अनुसूची-४ख.

(नियम ६क को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

<u>अन्तिम अन्तःशुल्क निर्धारण आदेश</u>

मितिः / /

श्री ... ... ... ... ... ...

१) इजाजतपत्रवालाको नामः____________________

२) इजाजतपत्रवालाको ठेगानाः_________________________

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३) स्थायी लेखा नम्बर | | | | | | | | | | |
| अन्तःशुल्क इजाजतपत्र नम्बर | | | | | | | | | | |

४) अन्तःशुल्क निर्धारण भएको अवधि ....................................

५) अन्तःशुल्क निर्धारण गर्ने ऐनको दफा .............. तथा नियमावलीको नियम ............... सँग सम्बन्धित।

तपाईले पेश गर्नु भएको जवाफ तथा प्रमाण कागजातहरू समेतको मूल्याङ्कन गर्दा निम्नानुसारको अन्तःशुल्क रकम रु. ..................... (अक्षेरेपी ..... ............. ............................. ..........) मात्र तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम यो आदेश जारी भएको मितिले सात दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी .............................. स्थित ........................................ बैङ्कमा नगद दाखिला गर्नुहोला। यो [१०१]<u>आदेश प्राप्त भएको मितिले</u> सात दिनभित्र अन्तःशुल्क नबुझाएमा विलम्ब दस्तुर र जरिवाना लाग्ने ब्यहोरा सूचित गरिन्छ। यो आदेशमा चित्त नबुझे ऐन बमोजिम पुनरावलोकन दिन सकिने कुरा जानकारी गराइन्छ।

अन्तःशुल्क निर्धारण गर्नु पर्ने कारणहरू

१. म्यादभित्र अन्तःशुल्क विवरण दाखिला नगरेकोले

२. अधुरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेकोले

३. झुट्टा अन्तःशुल्क विवरण पेश गरेकोले

४. अन्य :

५. मिति ..................... सम्मको विलम्ब दस्तुर र जरिवाना गणना गरिएको छ।

..........................

अन्तःशुल्क अधिकृत

अन्तःशुल्क निर्धारण भएको अवधि

| क्र.सं. | मासिक | महिना | वर्ष | थप अन्तःशुल्क निर्धारण भएको रकम | विलम्ब | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | | | जम्मा | | | | |

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्युटर प्रविष्टि
मिति / /

अन्तःशुल्क अधिकृतको दस्तखत

## [१०२]अनुसूची-४ग.

(नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)

**<u>खरिद खाता</u>**

स्थायी लेखा नम्बर | | | | | | | | | |

अन्तःशुल्क इजाजतपत्र नं. | | | | | | | | | |

खरिद भएको अवधि : महिना ............ साल .................

| बीजक | | | | जम्मा खरिद मूल्य | बीजक | जम्मा | | बीजक | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | बीजक नम्बर | आपूतिकर्ताको नाम | आपूर्तिकर्ताको नम्बर | | खरिद मूल्य | मूल्य | अन्तःशुल्क (रु.) | मूल्य | अन्तःशुल्क (रु.) |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोट : इजाजतपत्रवाला मू.अ.करमा समेत दर्ता भएमा यस खातालाई मू.अ.कर खरिद खातासँग समायोजन गरी तयार गर्न सकिनेछ।

[103]अनुसूची—४घ

(नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)

बिक्री खाता

| | |
|---|---|
| करदाता नम्बर |           |
| अन्तःशुल्क इजाजतपत्र नं. |           |

बिक्री भएको अवधिः महिना .................. साल ....................

| बीजक | | | | जम्मा बिक्री | | निकासी | अन्तःशुल्कयोग्य बिक्री | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | बीजक नम्बर | खरिदकर्ताको नाम | खरिदकर्ताको दर्ता नं. | परिमाण | मूल्य | | मूल्य | अन्तःशुल्क |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| कुल जम्मा | | | | | | | | |

नोट : यदि इजाजतपत्रवाला मू.अ.करमा समेत दर्ता भएमा यस खातालाई मू.अ.कर बिक्री खातासँग समायोजन गरी तयार गर्न सकिनेछ।

[104]अनुसूची-४ङ
(नियम १३ग. सँग सम्बन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
(सुर्तीजन्य पदार्थ बाहेक अन्य स्वयं निष्कासन प्रणाली अन्तर्गतका प्रतिष्ठानका लागि)
अन्तःशुल्क विवरण फाराम

| वर्षः .......महिना | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जुन महिनाको हो त्यसमा (✓) चिन्ह लगाउनुहोस्

स्थायी लेखा नम्बर | | | | | | | | | |

अन्तःशुल्क इजाजत नम्बर | | | | | | | | | |

नाम ______________________________

ठेगाना ______________________________

यस अवधिमा कारोबार नगरेको भए तलको महलमा शून्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस्। रु.१ भन्दा घटी भएमा पैसालाई रु.१ मा मिलान गरी विवरण भर्नुहोला।

| | कारोबार मूल्य | खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट | बिक्रीमा सङ्कलन गरेको अन्तःशुल्क डेबिट |
|---|---|---|---|
| १. बिक्री | | | |
| १.१. अन्तःशुल्कयोग्य बिक्री | | | |
| १.२ निष्कासन | | | |
| २. खरिद/पैठारी | | | |
| २.१. अन्तःशुल्कयोग्य खरिद | | | |
| २.२. अन्तःशुल्कयोग्य पैठारी | | | |
| २.३. छुट खरिद | | | |
| २.४. छुट पैठारी | | | |
| ३. अन्य | | | |
| ३.१. अन्य थपघट | | | |

| | | | | |
|---|---|---|---|---|
| ४. | जम्मा | | | |

५. डेविट—क्रेडिट (+ वा -)_____

______________________________

६. गत महिनाको मिलान गर्न बाँकी क्रेडिट

______________________________

७. कुल तिर्नु पर्ने अन्तःशुल्क रु.(५—६) (+ वा -) __________

म, _______________ (पूरा नाम) यस अन्तःशुल्क विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पूरा भएको व्यहोरा प्रमाणित गर्दछु।

मितिः____

दस्तखतः पदः_____

कार्यालय प्रयोजनको लागि मात्र

---

कम्प्युटर दर्ता

मिति ___/___/___

_______________

अन्तःशुल्क अधिकृत

नोट : परिमाणको आधारमा अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले सुरु मौज्दात उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरण साथ संलग्न गर्नु पर्नेछ।

[105]अनुसूची-४च.

(नियम १३ग. सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

(सुर्तीजन्य पदार्थ तथा भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानका लागि)

अन्तःशुल्क विवरण फाराम

| वर्षः........महिनाः...... | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जुन महिनाको हो त्यसमा (✓) चिन्ह लगाउनुहोस्।

स्थायी लेखा नम्बर

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|

अन्तःशुल्क इजाजत नम्बर

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|

नाम ____________________

ठेगाना ____________________

वस्तु वा सेवाको नामः........................................................

अन्तःशुल्क दरः...........................................

यदि यस अवधिमा कारोबार नगरेको भए तलको महलमा शून्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस्। एक रुपैयाँ घटी भएमा पैसालाई एक रुपैयाँमा मिलान गरी विवरण भर्नुहोला।

| | कारोबार मूल्य | खरिदमा तिरेको अन्तःशुल्क | खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट | बिक्रीमा सङ्कलन गरेको अन्तःशुल्क डेबिट |
|---|---|---|---|---|
| १. बिक्री | | | | |
| १.१. अन्तःशुल्कयोग्य बिक्री | | | | |
| १.२ निकासी | | | | |
| २. खरिद/पैठारी | | | | |
| २.१. अन्तःशुल्कयोग्य | | | | |

| | | | | |
|---|---|---|---|---|
| कच्चा पदार्थ खरिद | | | | |
| २.२. अन्तःशुल्कयोग्य अन्य पदार्थ खरिद | | | | |
| २.३. अन्तःशुल्कयोग्य कच्चा पदार्थ पैठारी | | | | |
| २.४. अन्तःशुल्कयोग्य अन्य पदार्थ पैठारी | | | | |
| २.५. छुट खरिद | | | | |
| २.६. छुट पैठारी | | | | |
| ३. अन्य | | | | |
| ३.१. अन्य थपघट | | | | |
| ३.२ खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क क्रेडिट | | | | |
| ४. जम्मा | | | | |

५. डेबिट—क्रेडिट (+) वा (-) :..............

६. गत महिनाको मिलान गर्न बाँकी क्रेडिट ...............................

७. कुल तिर्नु पर्ने अन्तःशुल्क रु.(५—६) (+) वा (-): ....................

८. कर फिर्ता माग गरिएको रकम (निकासीको आधारमा):

..................................

९. कर अवधिमा प्रयोग गरिएका कागजातहरूको सङ्ख्याः. ....................

| प्रकार | बीजकको सुरु सङ्ख्या | बीजकको अन्तिम सङ्ख्या | जम्मा बीजक सङ्ख्या |
|---|---|---|---|
| प्राप्त बीजक | | | |
| जारी गरिएको बीजक | | | |
| क्रेडिट नोट | | | |
| डेबिट नोट | | | |

म, _______________(पूरा नाम) यस अन्तःशुल्क विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पूरा भएको व्यहोरा प्रमाणित गर्दछु।

मिति : _______________

हस्ताक्षरः _______________ पदः _______________।

कार्यालय प्रयोजनको लागि मात्र

---

कम्प्युटर दर्ता

मिति ___/___/___

...........................

अन्तःशुल्क अधिकृत

नोटः परिमाणको आधारमा अन्तःशुल्क लाग्ने बस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले सुरु मौज्दात, उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरण साथ संलग्न गर्नु पर्नेछ।

अनुसूची-५

(नियम १४ को खण्ड (क) सँग सम्बन्धित)

कोरा मालको मौज्दात विवरण

पृष्टाङ्क :-

इजाजतपत्रवालाको नाम र ठेगाना :- ...............

इजाजतपत्र नं. .................................... स्थायी लेखा नम्बरः ............................

| मिति | मालको विवरण | अघिल्लो बाँकी परिमाण | आज आएको परिमाण | जम्मा | चुरोट/बिँडी बनाउनलाई झिकिएको परिमाण | बाँकी | अन्तःशुल्क अधिकृतको सही | कारखाना धनी प्रबन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची-६

(नियम १४ को खण्ड (ख) सँग सम्बन्धित)

<u>कोरा मालको खपत र चुरोट/बिँडी उत्पादनको दैनिक विवरण</u>

पृष्टाङ्क :—

इजाजतपत्रवालाको नाम र ठेगाना :—...............

इजाजतपत्र नं. ..............    स्थायी लेखा नम्बरः ............................

| मिति | अघिल्लो बाँकी सुर्ती | आज लिएको सुर्ती | जम्मा | आजको उत्पादनमा खर्च भएको | नोक्सानी भएको | बाँकी रहन गएको सुर्ती | चुरोट/बिँडी उत्पादनको परिमाण | अन्तःशुल्क अधिकृतको सही | इजाजतपत्रवालाको वा प्रबन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अनुसूची-७

(नियम १४ को खण्ड (ङ) सँग सम्बन्धित)

दैनिक प्याकिङ्ग रुमको विवरण

इजाजतपत्रवालाको नाम र ठेगाना :.........................................

इजाजतपत्र नं. .............. स्थायी लेखा नम्बरः.............................

| मिति | अघिल्लो बाँकी बट्टा र प्याकेज | आज प्राप्त हुन आएको | जम्मा | गोदाम घरमा गएको प्याकेज क्रम सङ्ख्या र परिमाण | | बाँकी | अन्तःशुल्क अधिकृतको सही | इजाजतपत्रवालाको वा प्रबन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्याकेज सिरियल नम्बर | परिमाण | | | | |
| | | | | | | | | | |

अनुसूची–८

(नियम १४ को खण्ड (ङ) सँग सम्बन्धित)

गोदाममा रहेको चुरोटको दैनिक विवरण

पृष्टाङ्क :–

इजाजतपत्रवालाको नाम र ठेगाना :–...............

इजाजतपत्र नं. ............... स्थायी लेखा नम्बरः.............................

| मिति | मालको विवरण | अघिल्लो बाँकी मौज्दात | प्याकिङ्ग रूपबाट गोदाम घरमा आएको | | जम्मा | निकासी भएको प्याकेजको चिन्ह र सङ्ख्या | बाँकी | अन्तःशुल्क दर | | अन्तःशुल्क अधिकृतको सहीछाप | इजाजतपत्रवाला वा प्रबन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पैकिङ्ग रुम सङ्ख्या | चुरोटको सङ्ख्या | | | | दर | जम्मा | | | |
| | | | | | | | | | | | | |

[१०६]अनुसूची-९

(नियम १४ को खण्ड (च) र नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

चुरोट तथा बिँडीको निष्कासन माग फाराम

इजाजतपत्रवालाको नाम र ठेगाना :—

इजाजतपत्र नं. ............ आ.व. ...................... स्थायी लेखा ......................

| क्रम सङ्ख्या | गोदाम घरको नं. र मिति | चुरोट/बिँडीको नाम र प्याकिङ्ग क्रम सङ्ख्या | परिमाण बट्टा, ग्रुस वा पोका | मूल्य | अन्तःशुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दर (रु.) | अन्तःशुल्क (रु.) | |
| | | | | | | | |

| | | |
|---|---|---|
| १. जम्मा प्याकेजको सङ्ख्या :- | | <u>निष्कासन माग गर्ने प्रतिनिधि/प्रबन्धकका</u> |
| २. सामानको परिमाण :- | | दस्तखतः- |
| ३. अन्तःशुल्क दरः- | | नाम :- |
| ४. चुरोटको हकमा मात्र :- | आवश्यक अन्तःशुल्क टिकट सङ्ख्या :- | |

<u>कार्यालय प्रयोजनको लागि</u>

---

१. निष्कासन माग गरेको परिमाणको जम्मा हुने अन्तःशुल्क रकम रु. .......................... भौ.नं./र.नं. ........... मिति ............ मा दाखिला छ र अन्तःशुल्क टिकट थान ................ को प्रति थान रु. ................. ले रु. ................ दाखिला छ।

अन्तःशुल्क निरीक्षक/फाँटवालाको दस्तखतः-

मिति :

२. उपरोक्त अनुसार दाखिला भएको तथा सिफारिसका आधारमा चुरोट/बिँडी निष्कासन स्वीकृति दिइएको छ।

अन्तःशुल्क अधिकृतको दस्तखतः-

मितिः-

[107]अनुसूची-९क.

(नियम १८ सँग सम्बन्धित)

ब्याच नियन्त्रण खाता

इजाजतपत्रवालाको नाम र ठेगाना ......................................................

मौसम ......................... महिना ....................................................

इजाजतपत्र नंः- ......................... स्थायी लेखा नम्बर ..........................

| सि.नं. | ब्राण्डको नाम (नाम, शक्ति र परिमाण) | उत्पादन मिति | ब्याच नं. | सिलसिलेवार नं. | | जम्मा बोतल थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

नोटः १. प्रत्येक ब्राण्डको नाम, यू.पी. शक्ति र एम. एल. खुल्ने गरी क्रमशः उल्लेख गर्नु पर्ने।

२. यो खाता प्रत्येक दिनको स्पष्ट देखिने गरी राख्नु पर्ने।

अनुसूची-१०

(नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

डिष्टिलरी/ब्रुअरीवालाले दिनु पर्ने रक्सी/बियर/वाइनको फाँटवारी

मासिक
त्रैमासिक
अर्धवार्षिक
वार्षिक ..........

मिति ........................ देखि ..................... सम्म

इजाजतपत्रवालाको नाम र ठेगाना :-

इजाजतपत्र नं. ............. साल ................. महिना ................ शाखा ................. स्थायी लेखा नम्बर ..................

| रक्सी/बियर/वाइनको अघिल्लो बाँकी स्टक | | | | तैयार भएको रक्सी | | | | जम्मा एल.पी. ग्यालन कलम ४,८ | बोतलहरुमा भर्न गएको रक्सी/बियर/वाइनको परिमाण | | | | स्टकमा बाँकी रहेको रक्सी/बियर/वाइनको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रक्सी/ बियर/ वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पी. ग्यालन | रक्सी/ बियर/ वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पी. ग्यालन | | रक्सी/ बियर/ वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पी. ग्यालन | रक्सी/ बियर/ वाइनको नाम | थोक ग्यालन | शक्ति | एल.पी. ग्यालन | |
| | | | | | | | | | | | | | | | | | |

मासिक
त्रैमासिक
अर्धवार्षिक
वार्षिक ..........

# अनुसूची-११

(नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

## डिष्टिलरी/ब्रुअरीवालाले दिनु पर्ने रक्सी/बियर/वाइन बोतलहरुको बिक्री र त्यसबाट आउने अन्तःशुल्कको फाँटवारी

इजाजतपत्रवालाको नाम र ठेगानाः-

इजाजतपत्र नं. ............. साल ............ महिना ................ शाखा .............. स्थायी लेखा नम्बर ..............

| बियर/रक्सीको बोतलको सुरु स्टक | | | | तैयार गरिएको बोतलहरु | | | | जम्मा बोतल | | | | बिक्री भएको बोतल | | | | अन्तःशुल्क | | स्टकमा बाँकी बोतलहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रक्सी/बियर | बोतलको सङ्ख्या | परिमाण | शक्ति | रक्सी/बियर | बोतलको सङ्ख्या | परिमाण | शक्ति | रक्सी/बियर/वाईन | बोतलको सङ्ख्या | परिमाण | शक्ति | रक्सी/बियर | बोतलको सङ्ख्या | परिमाण | शक्ति | दर | जम्मा | रक्सी/बियर/वाईन | मार्का बोतलको सङ्ख्या | परिमाण | शक्ति | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची-१२
(नियम २५ सँग सम्बन्धित)

## सख्खर खुँदोको दैनिक हिसाब

इजाजतपत्रवालाको नाम र ठेगाना :—

मौसम ........................ महिना ........................ इजाजतपत्र नं. ........................ स्थायी लेखा नम्बर ........................

<table>
<tr><th rowspan="3">मिति</th><th colspan="2" rowspan="2">अघिल्लो बाँकी स्टक</th><th colspan="4">प्राप्त भएको</th><th colspan="5">जम्मा हिसाब</th><th colspan="2">पघलेको</th><th colspan="2">बाँकी</th><th rowspan="3">कैफियत</th></tr>
<tr><th colspan="2">कारखानाबाट खरिद भएको</th><th colspan="2">बाहिरबाट खरिद भएको</th><th colspan="5">जम्मा</th><th>पघलेको गुँड</th><th>जम्मा</th><th rowspan="2">बोरा वा चक्की</th><th rowspan="2">वजन</th></tr>
<tr><th>बोरा वा चक्की</th><th>वजन</th><th>बोरा वा चक्की</th><th>वजन</th><th>बोरा वा चक्की</th><th>वजन</th><th>बोरा वा चक्की</th><th>वजन</th><th>सेर</th><th>बोरा</th><th>वजन</th><th>बोरा</th><th>वजन</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

[108]अनुसूची-१३

(नियम ६ को उपनियम (४) र (५) तथा नियम २९क. सँग सम्बन्धित)

<u>कर बीजकको ढाँचा</u>

बीजक नं. :

कारोबार मिति :

बिक्रेताको नाम :

बीजक जारी भएको मिति :

ठेगाना :

इमेल :

फोन नं. :

वेबसाइट :

फ्याक्स नं. :

बिक्रेताको दर्ता नं. : | | | | | | | | |

क्रेताको नाम :

ठेगाना :

भुक्तानीको तरिका : नगद/चेक/ड्राफ्ट/अन्य

| सि.नं. | विवरण | परिमाण | प्रति एकाई मूल्य (रु.) | जम्मा मूल्य (रु.) |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |
| अन्तःशुल्क प्रतिशत......../परिमाण.........का दरले रु. | | | | |
| कुल रकम | | | | |
| छुट | | | | |
| खुद रकम | | | | |
| ........% ले मू.अ.कर | | | | |
| कुल जम्मा | | | | |

बिक्रेताको सहीः

## अन्त्य टिप्पणीः

[1] एघारौं संशोधनद्वारा झिकिएको। संशोधन हुनुअघिको "अन्तःशुल्क नतिरी" भन्ने शब्दहरु रहेका।

[2] नवौं संशोधनद्वारा थप।

[3] नवौं संशोधनद्वारा संशोधित।

(१) साविक (मूल नियमावलीको) को व्यवस्थाः "३. इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न चाहेमा सोही अनुसूची–२ बमोजिमको इजाजतपत्र दस्तुर समेत संलग्न गरी विभागले तोकेको अन्तःशुल्क अधिकृत समक्ष अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।"

(२) दोस्रो संशोधनबाट कायम भएको व्यवस्थाः "३. इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अनुसूची–२ मा उल्लेख भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न चाहेमा सोही अनुसूचीमा तोकिएको इजाजतपत्र दस्तुर समेत संलग्न गरी अन्तःशुल्क अधिकृत समक्ष अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।"

[4] नवौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघिको व्यवस्थाः "४. इजाजतपत्र दिनु पर्नेः नियम ३ बमोजिम कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको निवेदन पर्न आएमा विभागले तोकेको अन्तःशुल्क अधिकृतले निवेदनमा उल्लिखित व्यहोरा जाँचबुझ गरी अनुसूची–३ बमोजिमको ढाँचामा शर्त तथा बन्देजहरू समेत तोकी त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न इजाजतपत्र दिन सक्नेछ।"

[5] नवौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमावलीको व्यवस्थाः "५. इजाजतपत्रको अवधि तथा नवीकरणः (१) नियम ४ बमोजिम दिइएको इजाजतपत्र एक आर्थिक वर्षसम्मका लागि कायम हुनेछ।

(२) इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको इजाजतपत्रको अवधि समाप्त भएको मितिले एक महिनाभित्र अनुसूची-२ मा तोकिए बमोजिमको नवीकरण दस्तुर विभागले तोकेको अन्तःशुल्क अधिकृत समक्ष बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र अनुसूची-२ मा तोके बमोजिम नवीकरण बापत लाग्ने दस्तुरमा दश प्रतिशतले हुन आउने थप दस्तुर र अन्तःशुल्क बक्यौता रकम समेत बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र पनि इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः रद्द हुनेछ।"

(उपनियम (४) मा दोस्रो संशोधनद्वारा कायम भएको व्यवस्थाः "(४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा अनुसूची-२ मा तोकिए बमोजिमको नवीकरण बापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शतप्रतिशत थप दस्तुर र बक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।")

(२) पहिलो संशोधनद्वारा उपनियम (३) मा कायम भएको संशोधनः "(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण गराउनेले पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचहत्तर प्रतिशत र त्यसपछिको तीन महिनाको अवधिको लागि शतप्रतिशत जरिवाना बुझाउनु पर्नेछ।"

(३) दोस्रो संशोधनद्वारा उपनियम (३) पछि देहायको उपनियम (४) थप भएकोः "(४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा अनुसूची २ मा तोकिए बमोजिमको नवीकरण बापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शतप्रतिशत थप दस्तुर र बक्यौता अन्तःशुल्क रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सकिनेछ।"

(४) पाँचौं संशोधनद्वारा कायम भएको व्यवस्थाः "५. इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्थाः (१) इजाजतपत्रवालाले आफूले प्राप्त गरेको इजाजतपत्र नवीकरण गराउन चाहेमा त्यस्तो इजाजतपत्र नवीकरणको लागि अनुसूची–२ बमोजिमको नवीकरण दस्तुर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूची–१ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अन्तःशुल्क बाँकी बक्यौता भएको नदेखिएमा र इजाजतपत्र नवीकरण गर्न मनासिब देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।"

(५) छैठौं संशोधनद्वारा कायम भएको व्यवस्थाः "५. इजाजतपत्रको अवधि तथा नवीकरणः (१) नियम ४ बमोजिम दिइएको इजाजतपत्र एक आर्थिक वर्षको लागि कायम रहनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको अवधि समाप्त हुनु अगावै अनुसूची–२ बमोजिम नवीकरण दस्तुर विभागले तोकेको अन्तःशुल्क अधिकृत समक्ष बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

तर यो नियम प्रारम्भ हुँदाका बखत नवीकरण गराउनु पर्ने इजाजतपत्रवालाले यो नियम प्रारम्भ भएको मितिले पैंतालीस दिनभित्र नवीकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण गराउनेले पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचास प्रतिशत,

त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचहत्तर प्रतिशत र त्यसपछिको तीन महिनाको अवधिको लागि शतप्रतिशत जरिवाना बुझाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः रद्द हुनेछ।"

[६] नवौं संशोधनद्वारा थप।

[७] एघारौं संशोधनद्वारा संशोधित। नवौं संशोधनद्वारा थप भएको व्यवस्थाः "(५) उपनियम (३) बमोजिम इजाजतपत्र रद्द भएको जानकारी प्राप्त नभएसम्म मासिक रूपमा अन्तःशुल्क विवरण पेश गर्नु पर्ने दयित्व भएका इजाजतपत्रवालाले तीन महिनासम्म अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ।"

[८] नवौं संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः

"६. उत्पादनको अवस्थामा अन्तःशुल्क लगाउने प्रक्रियाः (१) उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाउनु पर्ने गरी विभागले तोकेका वस्तुहरूको हकमा उपनियम (२) बमोजिमको प्रक्रिया पूरा गरी अन्तःशुल्क लगाई असुल उपर गरिनेछ।

(२) उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्नु पर्ने वस्तुको हकमा उत्पादकले आर्थिक वर्ष भरिमा उत्पादन गर्ने वस्तु र सो बापत बुझाउनु पर्ने अन्तःशुल्क रकमको अन्तःशुल्क अधिकृतले हिसाब गरी त्यस्तो रकम उत्पादकबाट अग्रिम रूपमा धरौटीको रूपमा राख्न लगाउन सक्नेछ। त्यसरी धरौटीको रूपमा राखिएको रकम अन्तःशुल्क बापत बुझाउनु पर्ने रकम भन्दा कम्ती भएमा अन्तःशुल्क अधिकृतले नपुग रकम जति उत्पादकबाट राख्न लगाउन सक्नेछ र बढी भए जति रकम उत्पादकलाई फिर्ता गर्नु पर्नेछ।

[९] पन्ध्रौं संशोधनद्वारा संशोधित। साविक (नवौं संशोधनबाट कायम भएको) को व्यवस्थाः "(१) मदिरा, स्प्रिट, खुँदो (मोलासेस), बियर र चुरोटलाई उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्ने गरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ।"

[१०] तेइसौं संशोधनद्वारा थप।

[११] तेह्रौं संशोधनद्वारा थप।

[१२] पन्ध्रौं संशोधनद्वारा थप।

[१३] एघारौं संशोधनद्वारा झिकिएको। साविकको व्यवस्थाः "तर त्यसरी बुझाउनु पर्ने अन्तःशुल्क रकमलाई सो महिनामा अग्रिम बुझाउन अन्तःशुल्क अधिकृतले आदेश दिन सक्नेछ।"

[१४] नवौं संशोधनद्वारा थप।

[१५] बाइसौं संशोधनद्वारा संशोधित (नवौं संशोधनद्वारा थप भएको)। नवौं संशोधनद्वारा थप भएको व्यवस्थाः "६ख. अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउने कार्यविधिः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालालाई नियम ६क. बमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउँदा निजलाई बुझाउन वा त्यस्तो

व्यक्तिको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै विद्युतीय उपकरण मार्फत पठाउन वा निजको कार्यालयमा बुझाउन वा निजको ठेगानामा रजिष्ट्री गरी हुलाक मार्फत पठाई तामेल गर्न सकिनेछ। त्यसरी तामेल गरिएको सूचना रीतपूर्वक तामेल भएको मानिनेछ।

(२) उपनियम (१) बमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना तामेल हुन नसकेमा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा तत्सम्बन्धी आदेशको सूचना प्रशारण वा प्रकाशन गरी जानकारी गराउन सक्नेछ र यसरी सूचना प्रसारण वा प्रकाशन गरिएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो सूचना प्राप्त गरेको मानिनेछ।"

[१६] नवौं संशोधनद्वारा थप।

[१७] नवौं संशोधनद्वारा थप।

[१८] सातौं संशोधनद्वारा संशोधित। <u>मूल नियमावलीको व्यवस्थाः</u> " (१) ऐनको दफा १७ बमोजिम रोक्का रहेको वस्तु वा सम्पत्ति तत्काल सड्ने, बिग्रने, नष्ट हुने वा त्यसको मूल्य घट्ने देखिएमा अन्तःशुल्क अधिकृतले त्यस्तो वस्तु वा सम्पत्ति तुरुन्त लिलाम बिक्री गर्नु पर्ने देखिएमा त्यस्तो वस्तु वा सम्पत्तिको अवस्था र प्रकृति हेरी बढीमा सात दिनसम्मको म्याद दिई लिलाम बिक्रीको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी लिलाम बिक्री गर्नु पर्नेछ।"

[१९] नवौं संशोधनद्वारा झिकिएको। साविकको व्यवस्थाः "(२) इजाजतपत्र नलिई कसैले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गरेमा वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेको पाइएमा अन्तःशुल्क अधिकृतले सोसँग सम्बन्धित सम्पूर्ण वस्तु जफत गर्न सक्नेछ।"

[२०] तेस्रो संशोधनद्वारा थप।

[२१] सातौं संशोधनद्वारा संशोधित।

(१) <u>मूल नियमावलीको व्यवस्थाः</u> "(क) उत्पादन भएको अन्तःशुल्क लाग्ने वस्तुको सम्बन्धमा विभागले तोकेबमोजिमको विवरण कर्यालयमा पठाउने,"

(२) <u>पाँचौं संशोधनबाट कायम भएको व्यवस्थाः</u> "(क) उत्पादन भएको अन्तःशुल्क लाग्ने वस्तुको सम्बन्धमा विभागले तोके बमोजिमको विवरण उत्पादन भएपछिको लगत्तै अर्को महिनाको पच्चीस गतेभित्र सम्बन्धित कार्यालयमा बुझाउने।"

(३) <u>छैठौं संशोधनबाट कायम भएको व्यवस्थाः</u> "(क) यस नियम बमोजिम पेश गर्नु पर्ने विवरण र फाँटवारी विभागले तोकेको ढाँचामा महिनाको सात गतेभित्र अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्ने।"

[२२] छैटौं संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः "(ख) अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले मागेका बखत खण्ड (क) बमोजिमको कागजात उपलब्ध गराउने।"

[२३] छैटौं संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः "(ग) अन्तःशुल्क लाग्ने वस्तुको खरिद प्रमाण वा खरिद बीजक साथमा राख्न।"

[२४] तेस्रो संशोधनद्वारा थप भएकोमा छैटौं संशोधनद्वारा झिकिएको। संशोधन हुनुअघिको व्यवस्थाः "(५) यस नियम बमोजिम पेश गर्नु पर्ने विवरण र फाँटवारी प्रत्येक महिनाको सात गतेभित्र अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ।"

[२५] नवौं संशोधनद्वारा थप।

[२६] एक्काइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "अनुसूची-४ङ बमोजिमको ढाँचामा" भन्ने शब्दहरु रहेका।

[२७] पन्धौं संशोधनद्वारा थप।

[२८] एघारौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "अन्तःशुल्क कार्यालयको" भन्ने शब्दहरु रहेका।

[२९] नवौं संशोधनद्वारा थप ।

[३०] नवौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघिको व्यवस्थाः "१५. बिँडीको उत्पादन तथा बिक्री वितरणः बिँडी उत्पादन गर्ने इजाजतपत्रवालाले ब्याण्ड रोल बापत प्रति हजार बिँडीको लागि अन्तःशुल्क बापतको रकम (यसअघि "चालीस रुपैयाँ") तिरी कार्यालयबाट खरिद गर्नु पर्नेछ। बिँडी उत्पादन गर्ने इजाजतपत्रवालाले सोही ब्याण्डरोल प्रयोग गरी बिँडी उत्पादन तथा बिक्री गर्नु पर्नेछ। बिँडी उत्पादन गर्नका लागि लागेको कच्चा सुर्तीको हिसाब राख्न कर्तव्य बिँडी उत्पादन गर्ने इजाजतपत्रवालाको हुनेछ।"

[३१] चौधौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमावलीको व्यवस्थाः "(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेका २५, ३० र ४० यू.पी. शक्तिको मदिरालाई विभागले तोके बमोजिम बोतलबन्दी गर्नु पर्नेछ।

(२) पाँचौं संशोधनले कायम गरेको व्यवस्थाः "(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेका १५, २५, ३० र ४० यू.पी. शक्तिको मदिरालाई विभागले तोके बमोजिम बोतलबन्दी गर्नु पर्नेछ।

(३) नवौं संशोधनबाट कायम भएको व्यवस्थाः "(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेका १५, २५, ३०, ४० र ५० यू.पी. शक्तिको मदिरालाई विभागले तोके बमोजिम बोतलबन्दी गर्नु पर्नेछ।

[३२] तेइसौं संशोधनद्वारा थप।

[३३] नवौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमावलीको व्यवस्थाः "(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ६५ यू.पी. शक्तिको मदिरालाई ३००, १००० र १५०० मिलिलिटरको पेट बोतलमा मात्र बिक्री गर्नु पर्नेछ।"

(२) पाँचौं संशोधनले कायम गरेको व्यवस्थाः "(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ५० र ७० यू.पी. शक्तिको मदिरालाई ५०० र ३०० मिलीलिटरको पेट बोतलमा मात्र बिक्री गर्नु पर्नेछ।"

(३) छैठौं संशोधनद्वारा कायम भएको व्यवस्थाः " (३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले ५० यू.पी. शक्तिको मदिरालाई १८० तथा ५०० मिलिलिटरको सिसाको बोतलमा र ७० यू.पी. शक्तिको मदिरालाई ३०० मिलिलिटरको पेट बोतलमा मात्र बिक्री गर्नु पर्नेछ।"

[३४] अठारौं संशोधनद्वारा थप।

[३५] ऐ. ऐ.।

[३६] सातौं संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः "१८. <u>ब्याच र सिलसिलेवार नम्बर अङ्कित गर्नुपर्नेः</u> मदिराको उत्पादन प्रक्रिया समाप्त भएपछि त्यस्तो मदिरा राखिएको प्रत्येक बोतलमा ब्याच नम्बर, सिलसिलेवार नम्बर, उत्पादन गर्ने इजाजतपत्रवालाको नाम, ट्रेडमार्क र शक्ति लेखिएको लेवल अङ्कित गरी गोदाममा पठाउनु पर्नेछ।"

[३७] दोस्रो संशोधनद्वारा थप भएकोमा छैटौं संशोधनद्वारा झिकिएको। दोस्रो संशोधनद्वारा थप भएको व्यवस्थाः "(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा उत्पादन प्रक्रियामा रहेको वास, स्प्रिट, मदिरा समेत सम्पूर्ण तरल पदार्थहरू एक प्रक्रियाबाट अर्को प्रक्रियाको लागि एकबाट अर्को भाँडामा लैजाँदा वा बोतलबन्दी गर्दा विभाग वा आन्तरिक राजस्व कार्यालयबाट सिलबन्दी गरिएको फ्लोमिटर सहितको स्थायी रूपमा जडित पाइपबाट मात्र गर्ने गरी विभागले तोक्न सक्नेछ।"

[३८] दोस्रो संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः "२३. <u>मौज्दात कट्टीको मिनाहाः</u> (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले कम्तीमा वर्षमा एक पटक आफूसँग रहेको मौज्दात अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट जाँच गराउनु पर्नेछ। वाष्पीकरण, दुर्वौधिकरण, चुहावट वा बोतलमा मदिरा भर्दा मदिराको मौज्दातमा कमी हुन आएमा त्यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली मौज्दात जाँच्ने अन्तःशुल्क अधिकृतले कमी हुन आएको मौज्दात कट्टीको मिनाहाको लागि कार्यालय मार्फत विभाग समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मौज्दात कट्टीको मिनाहाको लागि प्राप्त भएको सिफारिसको आधारमा विभागले मिनाहा दिन सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस परिच्छेदको लगि,–

(क) "एल.पी." भन्नाले लण्डन प्रुफमा स्प्रिटको शक्ति सम्झनु पर्छ।

(ख) "एल.पी. ग्यालन" भन्नाले प्रति ग्यालनमा ५७.०६ प्रतिशत स्वच्छ स्प्रिटको मात्रा भएको सम्झनु पर्छ।

(ग) "ओ.पी." भन्नाले लण्डन प्रुफभन्दा घटी शक्तिको रक्सी सम्झनु पर्छ।"

[३९] सोह्रौं संशोधनद्वारा संशोधित। मूल नियमावलीको व्यवस्थाः चौधौं संशोधनद्वारा "एक प्रतिशतभन्दा बढीले" भन्ने शब्दहरु थप गरेको।

[४०] तेइसौं संशोधनद्वारा थप।

[४१] तेइसौं संशोधनद्वारा थप।

[42] सोह्रौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि (दोस्रो संशोधनद्वारा कायम भएको)को व्यवस्थाः "पन्ध्र दिन" भन्ने शब्दहरु रहेको।

[43] तेइसौं संशोधनद्वारा संशोधित।

१. साविकको व्यवस्थाः सोह्रौं संशोधनद्वारा संशोधन गरी "एक प्रतिशतसम्म" भन्ने शब्दहरू राखिएको।

२. संशोधन हुनुअघि (दोस्रो संशोधनद्वारा कायम भएको) मा "दुई प्रतिशत" भन्ने शब्दहरु रहेको।

[44] छैटौं संशोधनद्वारा झिकिएको। संशोधन हुनुअघि (दोस्रो संशोधनबाट कायम भएको) को व्यवस्थाः "(४) उपनियम (३) बमोजिम तोकिएको सीमाभन्दा बढी मिनाहा दिनु पर्ने देखिएमा सो मिनाहाको लागि अन्तःशुल्क अधिकृतले यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिस गर्नु पर्नेछ।"

[45] पाँचौं संशोधनद्वारा थप भएकोमा सातौं संशोधनद्वारा झिकिएको। पाँचौं संशोधनद्वारा थप भएको व्यवस्थाः "(४क) संवत् २०५९ साल आषाढ मसान्तभन्दा पहिलेको मिनाहा हुन बाँकी जर्तिको सम्बन्धमा १.५ प्रतिशत सम्मको जर्तिलाई छुट दिई सोभन्दा बढीको जर्तिमा तत्काल प्रचलित अन्तःशुल्क दरबन्दीको १० प्रतिशत अन्तःशुल्क २०६२ साल चैत्र महिना भित्रमा दाखिला गरेमा छुट हुनेछ।"

[46] सातौं संशोधनद्वारा झिकिएको। दोस्रो संशोधनद्वारा कायम भएको व्यवस्थाः "(५) उपनियम (४) बमोजिम सिफारिस भई आएको प्रतिवेदनमा सम्बन्धित विषयको विशेषज्ञको प्रतिवेदन लिई मनासिव कारण भएमा विभागले मिनाहा गर्न सक्नेछ।"

[47] दोस्रो संशोधनद्वारा थप भई नवौं संशोधनद्वारा संशोधित। दोस्रो संशोधनद्वारा थप भएको व्यवस्थाः "२३क. क्राउन कर्कको मौज्दात कमीको मिनाहाः (१) बियर उत्पादन गर्ने इजाजतपत्रवालाले बियरको बोतलमा प्रयोग गर्ने क्राउन कर्क बियर भर्दा टुटफुट वा बिग्रेर बोतलमा प्रयोग हुन नसक्ने अवस्था भएमा मासिक विवरणमा उल्लेख गरी मिनाहाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिनभित्र जाँच गर्नु पर्नेछ। त्यसरी जाँच गर्दा क्राउन कर्कको मौज्दातमा कमी भएको मनासिब माफिकको कारण भएमा आधार स्पष्ट खुलाई खर्च भएको क्राउन कर्कको बढीमा चार प्रतिशतसम्म मिनाहा दिन सक्नेछ।

(३) उपनियम (२) मा उल्लेख भएको सीमाभन्दा बढी मौज्दात कमी भै मिनाहा दिनु पर्ने भएमा अन्तःशुल्क अधिकृतले त्यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सिफारिस भई आएको प्रतिवेदनमा मनासिब कारण भएमा विभागले मौज्दात कमी मिनाहा गर्न सक्नेछ।

[४८] एक्काइसौं संशोधनद्वारा झिकिएको। झिकिएका शब्दहरुः "अन्तिम रुपमा बोतल बन्दी गर्दा फ्लोमीटरले देखाएको परिमाणभन्दा बोतलबन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी र"।

[४९] सोहौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "पन्ध्र दिन" भन्ने शब्दहरु रहेका।

[५०] एक्काइसौं संशोधनद्वारा झिकिएको। झिकिएका शब्दहरुः "फ्लोमीटरले देखाएको परिमाणभन्दा बोतलबन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशतसम्म र"।

[५१] एक्काइसौं संशोधनद्वारा थप।

[५२] दोस्रो संशोधनद्वारा थप।

[५३] नवौं संशोधनद्वारा थप।

[५४] सातौं संशोधनद्वारा थप।

[५५] छैठौं संशोधनद्वारा थप भई एक्काइसौं संशोधनद्वारा झिकिएको। थप भएको व्यवस्थाः "तर ईंटा उद्योगको हकमा यो व्यवस्था लागू हुने छैन।"

[५६] छैटौं संशोधनद्वारा संशोधित। मूल नियमको व्यवस्थाः "२९. मुल्य खुलाउनु पर्नेः इजाजतपत्रवालाले परिमाणगत दर लागेका अन्तःशुल्क लाग्ने वस्तुको उत्पादनको कारखाना मूल्य स्वीकृत गराउनु पर्ने छैन।

तर इजाजतपत्रवालाले आफ्नो वितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्वजनिक गर्नुको साथै अधिकतम खुद्रा मूल्यको समेत आफूले उत्पादन गरेको वस्तुमा अङ्कित गर्नु पर्नेछ। आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनु पर्नेछ। यस्ता नयाँ ब्राण्ड उत्पादन गर्नुअघि सबै राजस्व चुक्ता गरेको हुनु पर्नेछ।"

[५७] तेह्रौं संशोधनद्वारा थप।

[५८] तेह्रौं संशोधनद्वारा थप।

[५९] पाँचौं संशोधनद्वारा थप।

[६०] चौधौं संशोधनद्वारा थप।

[६१] सत्रौं संशोधनद्वारा थप।

[६२] अठारौं संशोधनद्वारा "संवत् २०७४ साल माघ १ गतेदेखि" भन्ने शब्दहरु झिकिएका।

[६३] दोस्रो संशोधनद्वारा संशोधित।

(१) मूल नियमको व्यवस्थाः "३०. **अन्तःशुल्क टिकर दस्तुर लाग्नेः** नेपाल अधिराज्यभित्र उत्पादन हुने वा पैठारी हुने अन्तःशुल्क लाग्ने वस्तुहरूमध्ये मदिरा र चुरोटको आन्तरिक उत्पादनतर्फ प्रति प्याक (कार्टुन) को दुई रुपैयाँ, मदिरा पैठारीमा प्रति बोतल एक रुपैयाँका दरले अन्तःशुल्क टिकट दस्तुर लाग्नेछ। चुरोटको पैठारीमा प्रति आउटरमा

प्रति प्याक (कार्टुन) को एक रुपैयाँको दरले अन्तःशुल्क टिकट दस्तुर लाग्नेछ। उक्त टिकट विभागले तोके बमोजिम अङ्कित गरेर मात्र बिक्री गर्नु पर्नेछ।

(२) दोस्रो संशोधनले कायम गरेको व्यवस्थाः "३०. **अन्तःशुल्क टिकर दस्तुर लाग्नेः** (१) नेपाल अधिराज्यभित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको बिक्री तथा पैठारी गर्दा मदिरा र चुरोटको प्याक (कार्टुन) मा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले मदिराको प्रत्येक बोतलमा अन्तःशुल्क टिकट लगाउन पर्ने गरी तोक्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम लगाइने अन्त शुल्क टिकटको मूल्य बोतलमा लगाउनु पर्नेमा पचास पैसा, प्याक (कार्टुन) मा लगाउनु पर्नेमा दुई रुपैयाँ र चुरोटको पैठारीमा प्रति आउटरमा प्रतिप्याक (कार्टुन) को एक रुपैयाँका दरले अन्तःशुल्क टिकट दस्तुर लाग्नेछ। उक्त टिकट विभागले तोके बमोजिम अङ्कित गरेर मात्र बिक्री गर्नु पर्नेछ।"

(३) तेस्रो संशोधनद्वारा संशोधन भएको व्यवस्थाः

(१) उपनियम (२) मा रहेका "प्रत्येक बोतलमा" भन्ने शब्दहरु पछि "र चुरोटको प्रत्येक बट्टामा" भन्ने शब्दहरु थपिएको।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएकोः

"(३) उपनियम (१) र (२) बमोजिम लगाइने अन्त शुल्क टिकट विभागले तोकेको दस्तुर तिरी आन्तरिक राजश्व कार्यालयबाट खरिद गर्नु पर्नेछ। त्यस्तो टिकट विभागले तोके बमोजिम अङ्कित गरी अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्नु पर्नेछ।"

(४) पाँचौं संशोधनले कायम गरेको व्यवस्थाः

(१) उपनियम (२) को सट्टामा देहाय बमोजिम उपनियम (२) राखेकोः

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले मदिरा, बियर, चुरोट वा सुर्तीजन्य पदार्थको प्रत्येक बोतलमा वा बट्टामा अन्तःशुल्क टिकट लगाउन पर्ने गरी तोक्न सक्नेछ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपः

"(४) करपाटीको दायाँ कुनामा कार्यालयले उपलब्ध गराएको इजाजत चिन्ह (स्टिकर) सबैले देख्ने ठाउँमा टाँसी राख्नु पर्नेछ।"

(५) सातौं संशोधनद्वारा उपनियम (१) मा देहाय बमोजिम संशोधन गरेकोः

"(१) नेपालभित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको बिक्री तथा पैठारी गर्दा मदिराको प्रत्येक बोतलमा र चुरोटको प्रत्येक बट्टामा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ।"

[६४] चौधौं संशोधनद्वारा संशोधित। सातौं संशोधनद्वारा कायम भएको व्यवस्थाः "(१) नेपालभित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको बिक्री तथा पैठारी गर्दा मदिराको प्रत्येक बोतलमा र चुरोटको प्रत्येक बट्टामा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ।"

[६५] आठौं संशोधनद्वारा संशोधन भएको।

(१) दोस्रो संशोधनद्वारा कायम भएको व्यवस्थाः "(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले मदिराको प्रत्येक बोतलमा अन्तःशुल्क टिकट लगाउन पर्ने गरी तोक्न सक्नेछ।

(२) तेस्रो संशोधनद्वारा "प्रत्येक बोतलमा" भन्ने शब्दहरु पछि "र चुरोटको प्रत्येक बट्टामा" भन्ने शब्दहरु राखिएको।

(३) पाँचौं संशोधनद्वारा कायम भएको व्यवस्थाः "(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले मदिरा, बियर, चुरोट वा सुर्तीजन्य पदार्थको प्रत्येक बोतलमा वा बट्टामा अन्तःशुल्क टिकट लगाउन पर्ने गरी तोक्न सक्नेछ।"

[६६] एक्काइसौं संशोधनद्वारा संशोधित।

(१) संशोधन हुनुअघिको (आठौं संशोधनद्वारा कायम भएको) व्यवस्थाः "प्रतिष्ठानले बियर निष्कासन गर्दा प्याक भएको प्रत्येक कार्टुनमा विभागद्वारा तोकिएको अन्तःशुल्क टिकट समेत टाँस गर्नु पर्नेछ"।

(२) सत्रौं संशोधनद्वारा थप भई कायम भएको व्यवस्थाः "त्यसरी बोतलबन्दी गरेपछि प्रतिष्ठानले प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी कार्टुनमा राखी गोदाममा भण्डारण गर्नु पर्नेछ"।

[६७] बाह्रौं संशोधनद्वारा थप।

[६८] तेह्रौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "खैनी वा सुर्तीका" भन्ने शब्दहरु रहेका।

[६९] तेह्रौं संशोधनद्वारा संशोधित।

(१) दोस्रो संशोधनद्वारा कायम भएको व्यवस्थाः "(३) उपनियम (१) र (२) बमोजिम लगाइने अन्तःशुल्क टिकटका मूल्य बोतलमा लगाउनु पर्नेमा पचास पैसा, प्याक (कार्टुन) मा लगाउनु पर्नेमा दुई रुपैयाँ र चुरोटको पैठारीमा प्रति आउटरमा प्रतिप्याक (कार्टुन) को एक रुपैयाँका दरले अन्तःशुल्क टिकट दस्तुर लाग्नेछ। उक्त टिकट विभागले तोके बमोजिम अङ्कित गरेर मात्र बिक्री गर्नु पर्नेछ।"

(२) तेस्रो संशोधनद्वारा कायम भएको व्यवस्थाः "(३) उपनियम (१) र (२) बमोजिम लगाइने अन्तःशुल्क टिकट विभागले तोकेको दस्तुर तिरी आन्तरिक राजस्व कार्यालयबाट खरिद गर्नु पर्नेछ। त्यस्तो टिकट विभागले तोके बमोजिम अङ्कित गरी अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्नु पर्नेछ।"

[७०] पाँचौं संशोधनद्वारा थप ।

[७१] नवौं संशोधनद्वारा थप।

[७२] चौधौं संशोधनद्वारा झिकिएको। संशोधन हुनुअघिको व्यवस्थाः "चुरोट, सुर्ती, खैनी, गुट्खा, निकोटिनयुक्त वा निकोटिनरहित पानमसला उत्पादन वा पैठारी गर्ने"।

[७३] अठारौं संशोधनद्वारा थप।

[७४] तेइसौं संशोधनद्वारा झिकिएको।

[७५] नवौं संशोधनद्वारा खारेज गरिएको। खारेज गर्नुअघिको व्यवस्थाः

"३१. स्वयं निष्कासन प्रणाली सम्बन्धी व्यवस्थाः (१) मदिरा र चुरोट बाहेक अन्य अन्तःशुल्क लाग्ने वस्तुलाई स्वयं प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ।

(२) उपनियम (१) बमोजिम स्वयं निष्कासन गर्न चाहने इजाजतपत्रवालाले उत्पादन गरेको वस्तुको नाम र परिमाण उल्लेख गरी कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी स्वयं निष्कासन गर्न दिन मिल्ने देखिएमा इजाजत दिन सक्नेछ।

(४) स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन गरिएको वस्तुको नाम र परिमाण उल्लेख गरी इजाजतपत्रवालाले दैनिक विवरण भरी राख्नु पर्नेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट निरीक्षण हुँदाको अवस्थामा सो विवरण उपलब्ध गराउनु पर्नेछ।

(५) स्वयं निष्कासन गरिएको वस्तुको नाम र विवरण खोली इजाजतपत्रवालाले मासिक रूपमा कार्यालयमा प्रतिवेदन पठाउनु पर्नेछ।"

[७६] छैटौं संशोधनद्वारा संशोधनः मूल नियमावलीमा "अन्तःशुल्क अधिकृत" भन्ने शब्दहरु रहेका।

[७७] छैटौं संशोधनद्वारा संशोधनः मूल नियमावलीमा "अन्तःशुल्क अधिकृत" भन्ने शब्दहरु रहेका।

[७८] बीसौं संशोधनद्वारा संशोधित।

(१) मूल नियमावलीको व्यवस्थाः "३४. प्रतिलब्धि दर सम्बन्धी व्यवस्थाः रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदोबाट न्यूनतम ६५ ओ.पी. को कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रिट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नु पर्ने गरी प्रतिलब्धि दर कायम गर्नु पर्नेछ। सोभन्दा घटी प्रतिलब्धि दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ। विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण राजस्व कार्यालयले इजाजतपत्रवालाबाट असुल उपर गर्नेछ।"

(२) दोस्रो संशोधनद्वारा कायम भएको व्यवस्थाः "३४. प्रतिलब्धि दर सम्बन्धी व्यवस्थाः रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदोबाट न्यूनतम ६५ ओ.पी. को कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रिट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नु पर्ने गरी र एनहाइड्रस इथानोल उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदो

(मोलासेस) बाट न्यूनतम ७२ ओ.पी.शक्तिको कम्तीमा १९ लिटर इथानोल उत्पादन गर्नु पर्ने गरी प्रतिलब्धि दर कायम गर्नु पर्नेछ। सो भन्दा घटी प्रतिलब्धि दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ। विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण राजस्व कार्यालयले इजाजतपत्रवालाबाट असुल उपर गर्नेछ।"

(३) पाँचौं संशोधनद्वारा कायम भएको व्यवस्थाः "३४. प्रतिलब्धि दर सम्बन्धी व्यवस्थाः रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदोबाट न्यूनतम ६५ ओ.पी. शक्तिको कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रिट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नु पर्ने गरी र एनहाइड्रस इथानोल उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदो (मोलासेस) बाट न्यूनतम ७२ ओ.पी. शक्तिको कम्तीमा १९ लिटर इथानोल उत्पादन गर्नु पर्ने गरी प्रतिलब्धि दर कायम गर्नु पर्नेछ। १०० लिटर रेक्टिफाइड स्प्रिटबाट इ. एन. ए. बनाउँदा न्यूनतम ९८ लिटर प्रतिलब्धि हुनु पर्नेछ। अन्नको दानाबाट उत्पादन हुने रेक्टिफाइड स्प्रिट प्रति क्वीन्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ३०.५७ लिटर ई.एन.ए. उत्पादन गर्नु पर्नेछ। सो बाहेक अन्य वस्तुबाट उत्पादन हुनेको हकमा विभागले तोके बमोजिम हुनेछ।

तर सो भन्दा घटी प्रतिलब्धि दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ र विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको आफ्नो उत्पादनको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण अन्तःशुल्क कार्यालयले इजाजतपत्रवालाबाट असुल उपर गर्नेछ।"

(४) सत्रौं संशोधनद्वारा कायम भएको व्यवस्थाः "३४. प्रतिलब्धि दर सम्बन्धी व्यवस्थाः रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदोबाट न्यूनतम ६५ ओ.पी. शक्तिको कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रिट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नु पर्ने गरी र एनहाइड्रस इथानोल उत्पादन गने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुँदो (मोलासेस) बाट न्यूनतम ७२ ओ.पी. शक्तिको कम्तीमा १९ लिटर इथानोल उत्पादन गर्नु पर्ने गरी प्रतिलब्धि दर कायम गर्नु पर्नेछ। १०० लिटर रेक्टिफाइड स्प्रिटबाट इ.एन.ए. बनाउँदा न्यूनतम ९५ लिटर प्रतिलब्धि हुनु पर्नेछ। अन्नको दानाबाट प्रति क्वीन्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ३०.५७ लिटर इ.एन.ए. उत्पादन गर्नु पर्नेछ। सो बाहेक अन्य वस्तुबाट उत्पादन हुनेको हकमा विभागले तोके बमोजिम हुनेछ।

तर सो भन्दा घटी प्रतिलब्धि दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ र विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको सो उद्योगले आफ्नो उत्पादनको उच्चतम

दरबन्दी अनुसार लाग्ने सम्पूर्ण अन्तःशुल्क कार्यालयले इजाजतपत्रवालाबाट असुल उपर गर्नेछ।

(५) उन्नाइसौं संशोधनद्वाराः "अन्नको दानाबाट प्रति क्वीन्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ३०.५७ लिटर ई.एन.ए. उत्पादन गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "अन्नको दानाबाट प्रति क्वीन्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ४२ लिटर ई.एन.ए. मात्र उत्पादन गर्नु पर्नेछ। फलफूलबाट वाइन उत्पादन गर्ने प्रतिष्ठानहरूले प्रति किलो फलफूलबाट १२ प्रतिशत अल्कोहलको मात्रा भएको २ लिटर वाइन वा सोही अल्कोहल प्रतिशतलाई आधार मानी आनुपातिक रूपमा वाइन उत्पादन गर्नु पर्नेछ।" भन्ने शब्दहरू राखिएका।

[७९] तेइसौं संशोधनद्वारा थप।

[८०] तेइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघि "उपनियम (१), (२) र (३)" भन्ने शब्दहरु रहेको।

[८१] नवौं संशोधनद्वारा थप भएकोमा पन्ध्रौं संशोधनद्वारा खारेज। नवौं संशोधनद्वारा थप भएको व्यवस्थाः

"३४क. मदिरा बिक्री वितरण सम्बन्धी व्यवस्थाः (१) नेपालभित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र र विभागले तोकेका प्रमुख राजमार्ग क्षेत्रमा (होटेल, रेष्टुरेण्ट बाहेक) मदिराको कारोबार गर्नेले मदिरा र सुर्तीजन्य वस्तुको मात्र कारोबार गर्न पाउनेछ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी अरु सामानको पनि कारोबार गर्न पाउनेछन्।

(२) यो नियम प्रारम्भ हुँदाका बखत मदिरा तथा सुर्तीजन्य वस्तुको कारोबार गर्न इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले यो नियम प्रारम्भ भएको मितिले दुई महिनाभित्र उपनियम (१) बमोजिमको व्यवस्था गर्नु पर्नेछ। सो अनुसार गर्न नसक्ने व्यक्तिले दुई महिनाभित्र आफूसँग भएको मदिरा बिक्री वितरण गरी वा आपूर्तिकर्ता वा उत्पादकलाई फिर्ता गरी मौज्दात शून्य गर्नु पर्नेछ। उत्पादक वा आपूर्तिकर्ताले पनि त्यस्तो मौज्दात फिर्ता लिनु पर्नेछ।"

[८२] एक्काइसौं संशोधनद्वारा संशोधित। साविकमा "नेपाल सरकारले " भन्ने शब्दहरु रहेका।

[८३] एक्काइसौं संशोधनद्वारा संशोधित। साविकमा "आवश्यकता अनुसार अनुसूचीमा" भन्ने शब्दहरु रहेका।

[८४] नवौं संशोधनद्वारा संशोधित।

[८५] एक्काइसौं संशोधनद्वारा संशोधित।

[८६] एक्काइसौं संशोधनद्वारा संशोधित।

[८७] एक्काइसौं संशोधनद्वारा संशोधित।

[८८] अठारौं संशोधनद्वारा संशोधित।

[८९] बाइसौं संशोधनद्वारा संशोधित। संशोधन हुनुअघिको व्यवस्थाः "रेष्टुरेण्ट तथा रिसोर्ट"।

[९०] बाइसौं संशोधनद्वारा थप।

[९१] एक्काइसौं संशोधनद्वारा थप।

[९२] एक्काइसौं संशोधनद्वारा झिकिएको।झिकिनु अघिको व्यवस्थाः "द्रष्टव्यः यस अनुसूची बमोजिमको दस्तुर दुर्गम क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम लाग्नेछ।"

[९३] मिति २०७३।१०।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार अनुसूचीमा हेरफेर। यसअघि छैठौं संशोधनद्वारा (२०६३।३।२८ मा) र सातौं संशोधनद्वारा (मिति २०६४।३।२८ मा) संशोधित।

[९४] अठारौं संशोधनद्वारा संशोधित। मिति २०७३।१०।१० मा अनुसूचीमा भएको हेरफेर अनुसार कायम रहेको।

[९५] अठारौं संशोधनद्वारा संशोधित। मिति २०७३।१०।१० मा अनुसूचीमा भएको हेरफेर अनुसार देहायको व्यवस्था रहेकोः

"(ख) मदिरा व्यवसायीले पालना गर्नु पर्ने शर्तहरूः

१. काठमाडौं उपत्यका, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, जिल्ला सदरमुकाम, राष्ट्रिय लोकमार्ग र विभागले तोकेका सहायक लोकमार्गमा मदिराको कारोबार गर्ने इजाजतपत्रवालाले महिरा र सुर्तीजन्य वस्तुको मात्र कारोबार गर्नु पर्नेछ।

२. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।

३. प्रत्येक बोतलको बिर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निष्कासन गर्नु पर्नेछ।

४. बिहान १०:०० बजेदेखि राती १०:०० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ। मदिरा खरिद बिक्री गर्ने इजाजतपत्रवालाले मदिरा खरिद बिक्री गरेको बीजक राखु पर्नेछ।

५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाइने छैन।

६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको बीजक राखु पर्नेछ।

७. इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क स्टिकर टाँस भएका मदिरा तथा विभागले तोके बमोजिम अन्तःशुल्क स्टीकर टाँस भएका बियर, साइडर लगायतका पदार्थ मात्र बिक्री गर्नु पर्नेछ। अन्तःशुल्क टिकट नरहेको सामान खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना हुनेछ।

८. अन्तःशुल्क ऐन,२०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लिखित प्रावधानहरूको पालना गर्नु पर्नेछ।

(ग) करमुक्त पसलले पालना गर्नु पर्ने शर्तहरूः

१. कूटनैतिक सुविधा प्राप्त व्यक्ति, संस्था वा नियोगलाई बण्डेड वेयर हाउसबाट नै मात्र बिक्री गर्नु पर्नेछ।

२. करमुक्त पसलले बैङ्क ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरण मासिक विवरणसँगै बुझाउनु पर्नेछ।

३. बण्डेड वेयर हाउस भन्सार बिन्दुबाट भित्र्याउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा खटिएको अन्तःशुल्क कर्मचारीको रोहवरमा मात्र भित्र्याउनु र निकाल्नु पर्नेछ।"

[९६] अठारौं संशोधनद्वारा थप। खण्ड (ग) को व्यवस्था मिति २०७३।१०।१० मा अनुसूचीमा रहेको भए तापनि अठारौं संशोधनद्वारा संशोधन सहित थप गरिएको।

[९७] अठारौं संशोधनद्वारा थप।

[९८] नवौं संशोधनद्वारा थप।

[९९] एक्काइसौं संशोधनद्वारा संशोधित।

[१००] नवौं संशोधनद्वारा थप।

[१०१] एक्काइसौं संशोधनद्वारा संशोधित।

[१०२] नवौं संशोधनद्वारा थप।

[१०३] नवौं संशोधनद्वारा थप।

[१०४] नवौं संशोधनद्वारा थप भै एक्काइसौं संशोधनद्वारा संशोधित।

[१०५] एक्काइसौं संशोधनद्वारा थप।

[१०६] नवौं संशोधनद्वारा संशोधित।

[१०७] सातौं संशोधनद्वारा थप।

[१०८] पाँचौं संशोधनद्वारा थप भै नवौं संशोधनद्वारा संशोधित।

दृष्टव्यः मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "निकासी" भन्ने शब्दको सट्टा "निष्कासन" भन्ने शब्द राखी रुपान्तर गरिएको।

**नोटः यस पुस्तकमा उल्लिखित संशोधनको सम्बन्धमा कुनै द्विविधा भएमा सम्बन्धित सालको आर्थिक ऐन वा राजपत्र हेर्नुहुन अनुरोध गरिन्छ।**